# प्रभाव दैनिक

National Daily

वर्ष १० अंक २८५ काठमाडौं मंगलबार, १ फागुन २०८० Prabhab National Daily Tuesday, February 13, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# स्रोत जुटाउन नसक्ने भन्दै सरकारले घटायो बजेट

- १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट अब घटेर १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाखमा खुम्चियो
- पछिल्लो छ महिनामा पाँच खर्ब ७३ अर्ब ६३ करोड २९ लाख रुपैयाँ खर्च भएकोमा राज्य सञ्चालन, दैनिक खर्च, तलब भत्तामै चार खर्ब ४३ अर्ब चार करोड ८७ लाख रुपैयाँ खर्च
- धान उत्पादनमा वृद्धि, पर्यटकको संख्या र रेमिट्यान्सलाई देखाउँदै अर्थमन्त्रीद्वारा अर्थतन्त्र सुधारिँदै गएको दाबी

■ प्रभाव संवाददाता



बजेटको अर्धवार्षिक समीक्षा

**काठमाडौं-** स्रोत जुटाउन नसक्ने भएपछि सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको बजेटको आकार घटाएको छ । अर्थ मन्त्रालयले सोमबार बजेटको अर्धवार्षिक समीक्षामार्फत बजेटको आकार घटाएको हो । अर्थमन्त्री डा. प्रकाशशरण महतले चालु आर्थिक वर्ष २०८०/८१ को बजेट दुई खर्ब २१ अर्ब रूपैयाँ बराबरले घटाइएको जानकारी दिए । उनले स्रोत सुनिश्चित गर्न नसक्ने निश्चित भएकोले खर्च र राजस्व दुवैको लक्ष्य घटाउनुपरेको बताए ।

'अर्धवार्षिक मूल्यांकनपछि आम्दानीको लक्ष्य पुऱ्याउन र खर्चको लक्ष्य पूरा गर्न सक्ने देखिएन । त्यसैले बजेटको आकार घटाइएको छ,' सोमबार अर्धवार्षिक समीक्षा सार्वजनिक गर्न अर्थ मन्त्रालयमा आयोजित समारोहमा उनले भने ।

यससँगगै १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँको बजेट १५ खर्ब ३० अर्ब २६ करोडमा खुम्चिएको छ । बजेटको मुख्य स्रोत राजस्व संकलनमा सरकार असफल बन्दा बजेटको आकार घटाउनु परेको हो । जुन कुरा अर्थमन्त्री स्वयंले स्वीकार गरेका छन् । समीक्षा अवधिसम्म लक्ष्यको ७० प्रतिशतमात्र राजस्व संकलन भएको उनले बताए । यद्यपि राजस्व संकलन अघिल्लो वर्षको तुलनामा वृद्धि भएको उनको भनाइ छ ।

बजेटको मध्यावधि समीक्षा गर्दै अर्थमन्त्री डा. महतले चालु आर्थिक वर्षको समाप्तीसम्ममा ८८ प्रतिशत खर्च हुने अनुमान गरेका छन् । 'हामीले अपेक्षा गरेअनुसार स्रोत उठाउन सकेका छैनौं, खर्चमा पनि छ महिनाको अवधिमा अपेक्षित सुधार नदेखिएको सत्य हो,' अर्थमन्त्री महतले भने, 'कानुन सुधारको काम गरिरहेका छौं, अब खर्च गर्ने आधारहरू बढाएका छौं, ८८ प्रतिशत हुने प्रक्षेपण गरेका छौं । यो पनि राम्रै हो ।'

व्यवसायको प्रकृति परिवर्तन हुँदा सरकार राजस्व अनुमानमा चुकेको उनले बताए । 'नयाँ प्रविधिमा व्यवसाय गएको छ, हाम्रो टयाक्स पोलिसीलाई सोहीअनुसार ढाल्न नसकेको कारण पनि अपेक्षित राजस्व उठ्न सकेको छैन,' अर्थमन्त्री महतले भने ।

## 'आर्थिक सूचकहरु सकारात्मक लयमा बढ्दै छ'

अर्थमन्त्री डा. प्रकाशशरण महतल मुलुकको अर्थतन्त्रका सूचकहरूमा उल्लेख्य सुधार भएको दाबी गरेका छन् । चालु बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै सोमबार उनले यस्तो दाबी गरेका हुन् ।

मुलुकको आर्थिक सूचकमा उल्लेख्य सुधार देखिएको तथा अर्थतन्त्र विस्तारै सप्रिँदै गएको अर्थमन्त्री महतको भनाइ छ । सरकारले थालेको प्रयासले नतिजा दिन थालेको बताए । 'कोभिड-१९ को समयमा लिइएको खुकुलो मौद्रिक तथा वित्त नीतिका कारण बढ्दो आयात र उच्च कर्जा प्रवाह हुँदा विदेशी विनिमय सञ्चितिमा परेको चापलाई सम्बोधन गर्न लिइएको कसिलो मौद्रिक नीतिले गर्दा समग्र आर्थिक क्रियाकलापमा सुस्तता देखिएता पनि (क्रमशः पृष्ठ २ मा)

### कहाँ कति कटौती ?

बजेटको अर्धवार्षिक समीक्षासँगै अब चालु खर्चमा एक खर्ब ३४ अर्ब ३३ करोड कटौती हुने भएको छ । चालु खर्चमा ११ खर्ब ४१ अर्ब ७८ करोड बजेट विनियोजन गरिएको थियो । त्यसैगरी पुँजीगत खर्च ४७ अर्ब ९४ करोड रूपैयाँले घटाइएको छ । वित्तीय व्यवस्थपनतर्फ ३८ अर्ब ७८ करोड रूपैयाँ कटौती हुने भएको छ ।

सरकारले चालु आर्थिक वर्ष १४ खर्ब ८८ अर्ब ६२ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा एक खर्ब ७९ अर्ब रूपैयाँले घटाइएको छ । यसैगरी वैदेशिक अनुदानतर्फ ४९ अर्ब ९४ करोड रूपैयाँको लक्ष्य राखिएकोमा ४० अर्ब १२ करोडमा सीमित पारिएको छ । वैदेशिक ऋणतर्फ ३१ अर्ब ९१ करोड रूपैयाँ घटाइएको छ ।

'चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) १३ खर्ब नौ अर्ब ३० करोड ८६ लाख, वैदेशिक अनुदानतर्फ ४० अर्ब १२ करोड नौ लाख र वैदेशिक ऋणतर्फ एक खर्ब ८० अर्ब ८३ करोड ६७ लाख रूपैयाँ खर्च हुने संशोधित अनुमान रहेको छ,' अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

### विकासमा खर्च निराशाजनक

गत पुस मसान्तसम्म सरकारले पाँच खर्ब ७३ अर्ब ६३ करोड २९ लाख रूपैयाँ खर्च गरेको छ । यो कूल विनियोजनको ३२.७५ प्रतिशत हुन आउँछ । जसमा सबैभन्दा बढी खर्च चालु अर्थात् प्रशासन सञ्चालनमै गएको देखिन्छ । यसमा सरकारको नियमित दायित्व राज्य सञ्चालन, दैनिक खर्च, तलब भत्ता तथा सार्वजनिक ऋणको भुक्तानी आउँछ । यो अवधिमा चार खर्ब ४३ अर्ब ४ करोड ८७ लाख चालु शीर्षकमा खर्च भएको देखिन्छ । जबकि विकासतर्फ जम्मा ५० अर्ब ४४ करोड ८८ लाख रूपैयाँमात्र खर्च भएको छ ।

(क्रमशः पृष्ठ ३ मा)

जनयुद्धको २८ वर्ष

# उपलब्धि संस्थागत गर्न अझै चुनौती

■ जेबी योञ्जन

**काठमाडौं-** तत्कालीन नेकपा माओवादीले १० वर्ष जनयुद्धका लागि हतियार उठाएको २८ वर्ष पूरा भएको छ । युद्धका क्रममा विद्रोही माओवादी र सरकार पक्षबाट गरी १७ हजार मानिसको ज्यान गुम्यो । हजारौं घाइते छन् । अपांगता भएका उत्तिकै संख्यामा छन् ।

त्यही जनयुद्धको जगमा २०६२/६३ को दोस्रो जनआन्दोलन भयो । अन्ततः देशबाट राजतन्त्र इतिहास भयो । देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो ।

पहिलोपटक जनताले चुनेका प्रतिनिधिहरूबाट संविधानसभामार्फत संविधान लेखिएको छ । जुन कार्यान्वयनमा छ । उक्त संविधानमा संघीयता, गणतन्त्र, धर्मनिपरेक्षता, समावेशिता र समानुपातिक प्रणाली संस्थागत भएका छन् । तर, यी राजनीतिक उपलब्धिहरूमाथि पछिल्ला वर्षहरूमा प्रहार भइरहेको माओवादी केन्द्रका नेताहरू बताउँछन् ।

अर्कातिर संक्रमणकालीन न्यायिक प्रक्रिया टुंगोमा पुगेको छैन । जसकारण द्वन्द्वकालीन गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनामा पीडित पक्षले न्याय पाएका छैनन् । संघीय सांसदसमेत रहेका माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल अब छिट्टै संसदीय समितिबाट पारित गरेर अघि बढिने बताउँछन् । उनले भने, 'अहिले कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । त्यससम्बन्धी विधेयकलाई पारित गर्न सबै पक्षसँग सहकार्य गरेर अघि बढ्ने रणनीति अख्तियार गरेका छौं । छिट्टै पारित गरेर शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा गर्छौं ।'

यसरी एकातिर शान्ति प्रक्रियामा आधारभूत प्रक्रिया टुंगो लागेको छैन भने अर्कातिर युद्ध लडेका माओवादीहरू विभक्त छन् । माओवादी कमजोर पार्टी बनेको छ ।



> संक्रमणकालीन न्यायको काम चाँडै टुंग्याउन प्रयासरत छौं । यससम्बन्धी विधेयक अहिले कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । त्यसलाई पारित गर्न सबै पक्षसँग सहकार्य गरेर अघि बढ्ने रणनीति अख्तियार गरेका छौं । छिट्टै पारित गरेर शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा गर्छौं ।
>
> ■ **देवेन्द्र पौडेल**
> **सचिव, माओवादी केन्द्र**

### देउवाले बेवास्ता गर्दा जनयुद्ध

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई संयुक्त जनमोर्चाको तर्फबाट डा. बाबुराम भट्टराईले २१ माघ २०५२ मा ४० सूत्रीय मागपत्र बुझाए । देउवाले ती मागहरूलाई वास्तै गरेनन् । तत्कालीन अनेरास्ववियु क्रान्तिकारीको नेतृत्व रहेका माओवादी केन्द्रका वर्तमान सचिव देवेन्द्र पौडेल उल्टै माओवादीविरुद्ध देउवा सरकार कठोर भएर प्रस्तुत भएको सम्झिन्छन् । उनका अनुसार त्यसबेला देउवा सरकारले माओवादीहरूमाथि चर्को दमन गऱ्यो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# मदिरा कारोबारको आरोपमा सयौं नेपाली साउदी जेलमा

■ प्रभाव संवाददाता



**काठमाडौं-** रोजगारीका लागि साउदी अरेबिया पुगेका सयौं नेपाली अवैधरूपमा मदिरा उत्पादन तथा बिक्री वितरण गरेको आरोपमा जेल परेको बताइएको छ । बढी आम्दानी हुने लोभमा परी मदिरा उत्पादन तथा बिक्री वितरणमा संलग्न भएको आरोपमा झण्डै ५०० नेपाली साउदीका विभिन्न जेलमा परेको बिबिसीले जनाएको छ ।

कतिपय नेपालीहरूले पैसा कमाउने उद्देश्यले नेपालीहरूकै लागि मदिरा बनाउने, बिक्री वितरण तथा सेवन गर्ने गरेका कारण त्यस्तो कार्यमा संलग्नहरूलाई साउदी प्रशासनले पक्राउ गरी जेल हाल्ने गरेको रियादस्थित नेपाली राजदूतावासका प्रथम सचिव टोपनारायण गिरीलाई उद्धृत गर्दै बिबिसीले उल्लेख गरेको छ ।

रोजगारीका लागि साउदी अरब पुगेर जेल परेका नेपालीमध्ये धेरैजसोलाई जाँडरक्सी खाएको तथा उत्पादन गरेर बिक्री वितरण र ओसारपसार गर्ने गरेको आरोप लगाइएको बताइएको छ । जेल परेकामध्ये ८५ प्रतिशत नेपालीलाई मदिरा कारोबारको अभियोग लगाइएको छ । दूतावासलाई साउदी प्रशासनबाट प्राप्त तथ्यांकअनुसार ४८० जना नेपाली साउदी जेलमा रहेको सचिव गिरीले जानकारी दिएका छन् । वास्तविक संख्या यो भन्दा पनि बढी रहेको दूतावासको आँकलन रहेको छ ।

साउदीमा जाँडरक्सी उत्पादन, बिक्री वितरण तथा उपभोगमा प्रतिबन्ध भए पनि कतिपय नेपालीहरूले कम समयमा धेरै आम्दानी गर्न सक्ने भएकोले घरेलु मदिरा उत्पादन गरेर बेच्ने पाइएको दूतावासको जानकारीमा आएको गिरीले बताए । 'नेपालबाट पिठोमा मिसाएर रक्सी बनाउने मर्चा लैजाने र साउदीमा चामल, गहुँ, खजुरलगायतका सामग्री प्रयोग गरेर रक्सी बनाउने गरेको पाइएको छ,' उनले भने, 'छोटो समयमा टन्न पैसा कमाइ हुन्छ भन्ने लोभले यो निरुत्साहित भइरहेको छैन, पक्राउ परिएन भने राम्रै हुन्छ भन्ने लोभले यता लागेका छन् ।'

सात दशकदेखि मदिरामाथि प्रतिबन्ध लगाएको साउदी अरबले मदिरा राख्ने वा बेचबिखन गर्नेलाई जरिवाना गराउनेदेखि जेलमा थुन्ने र कोर्रा हान्नेसम्मको सजाय दिने गरेको छ । जाँडरक्सी कारोबारको अभियोगमा साउदीमा नेपालीहरूलाई तीन महिनादेखि सात वर्षसम्मको जेल सजाय हुने गरेको बताइन्छ ।

नेपालबाट साउदीलगायत खाडी मुलुकमा जाने श्रमिकहरूलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिममा रक्सीको प्रयोग, उत्पादन तथा बिक्रीवितरण र ओसारपसारबारे जानकारी दिने गरिएको भए पनि त्यहाँ पुगेपछि धेरै नेपाली मदिरा कारोबारको अभियोगमा जेल पर्नुमा श्रम अधिकारीहरूले चिन्ता व्यक्त गरेको बिबिसीले जनाएको छ ।

साउदी नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको एक हो । रोजगारीका क्रममा हाल चार लाखभन्दा बढी नेपाली साउदीमा रहेको सरकारी तथ्यांकले देखाएको छ ।

# ठगीको अभियोगमा दुईजना पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाउने बहानामा रकम संकलन गरी ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । दुबई र जापान पठाइदिने भन्दै बेरोजगार युवाहरूसँग रकम संकलन गरी फरार रहेको आरोपमा डुलबहादुर खड्का र पुर्षोत्तम अधिकारीलाई प्रहरीले पक्राउ गरेको हो ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ घर भई ललितपुर महानगरपालिका-६ बस्ने खड्काले सुमन केसीसमेतलाई वैदेशिक रोजगारीका लागि दुबईस्थित एक प्रतिष्ठित कम्पनीमा मासिक ९० हजार रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाई तीन लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा खोजतलास गर्दा उनलाई सामाखुसीबाट पक्राउ गरिएको प्रहरीले बताएको छ ।

यसैगरी मकवानपुरको निबुवाटार गाउँपालिका-४ घर भई हाल ललितपुर सानेपा बस्ने अधिकारीले रिता मल्लसमेत छ जनालाई मासिक दुई लाख ५० हजार रूपैयाँ तलब हुनेगरी जापानको एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । उनले पिडितहरूबाट पटक-पटक गरी ३५ लाख ५० हजार रूपैयाँ लिएर सम्पर्कविहीन भई ठगी गरेको प्रहरीले उल्लेख गरेको छ । फरार अवस्थामा रहेका अधिकारीलाई बिजुलीबजारबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुबै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### उपलब्धि संस्थागत...

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई संयुक्त जनमोर्चाको तर्फबाट डा. बाबुराम भट्टराईले २१ माघ २०५२ मा ४० सूत्रीय मागपत्र बुझाए । देउवाले ती मागहरूलाई वास्तै गरेनन् ।

तत्कालीन अनेरास्ववियु क्रान्तिकारीको नेतृत्व रहेका माओवादी केन्द्रका वर्तमान सचिव देवेन्द्र पौडेल उल्टै माओवादीविरुद्ध देउवा सरकार कठोर भएर प्रस्तुत भएको सम्झिन्छन् । उनका अनुसार त्यसबेला देउवा सरकारले माओवादीहरूमाथि चर्को दमन गर्‍यो ।

त्यसविरुद्ध सोही महिनाको अन्तिम दिन साँझ देशैभर माओवादीले 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस पार्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न अघि बढौं' भन्ने नाराको पम्प्लेटिङ तथा वालपेन्ट गर्‍यो । त्यसको पछिल्लो दिन अर्थात् १ फागुन २०५२ सालमा माओवादीले हतियार उठायो ।

सोही दिनको सम्झनामा माओवादीले हरेक वर्ष जनयुद्ध दिवस मनाउने गरेको छ । अघिल्लो वर्ष त सरकारले नै जनयुद्ध दिवस मनाएको थियो । सार्वजनिक बिदा दिएको थियो । तर, जनयुद्ध दिवसको विरोध भयो । जनयुद्ध दिवसको बिदाविरुद्ध सर्वोच्च अदालतमा रिट पर्‍यो । अन्ततः जनयुद्ध दिवस नमान्न र सार्वजनिक बिदा नदिन सर्वोच्चबाट आदेश भयो । सोहीअनुसार गृह मन्त्रालयले आजको दिनलाई उत्सवको रूपमा मनाउन सार्वजनिक बिदा नहुने सोमबार जानकारी दिएको छ ।

तर माओवादीले जितेको स्थानीय तहमा भने जनयुद्ध दिवस भन्दै सार्वजनिक बिदा दिएका छन् । यसलाई कतिपयले न्यायालयको अवहेलना भएको टिप्पणी गरेका छन् । यद्यपि राजनीतिशास्त्रीहरूका अनुसार १ फागुन नेपाली राजनीतिक इतिहासमा बिर्सनालायक दिन होइन । किनभने त्यस दिन जनयुद्धको घोषणा भएको थियो । सरकारविरुद्ध सशस्त्र फौजी आक्रमण सुरु भएको माओवादी नेता मातृकाप्रसाद यादव बताउँछन् ।

उनका अनुसार त्यस दिन राति माओवादीले एकैसाथ आक्रमण गरेर जनयुद्धको सुरु गरेको थियो ।

जतिबेला रोल्पाको होलेरी, रुकुमको आठबिसकोट राढी, सिन्धुलीको सिन्धुलीगढी र गोरखाको च्याङलीमा कृषि विकास बैंकअन्तर्गतको साना किसान विकास आयोजनामा एकैसाथ फौजी आक्रमण भएको थियो । जुन सरकारको अनुमानविपरीतको फौजी आक्रमण थियो ।

रोल्पाको होलेरी आक्रमणको कमान्डर वर्षमान पुन थिए । सहायक कमान्डर नन्दकिशोर पुन र राजनीतिक कमिसार रामबहादुर थापा । हाल वर्षमान माओवादी उपमहासचिव छन् । पुन पूर्वउपराष्ट्रपति हुन् भने थापा पूर्वगृहमन्त्री । थापा हाल एमाले उपाध्यक्षको भूमिका छन् ।

उनीहरूको नेतृत्वमा भएको आक्रमणपछि होलेरी चौकी माओवादीले पूर्णरूपमा नियन्त्रणमा लिन सकेन । उक्त आक्रमणमा माओवादीको सैन्य दलले मनाङका गणेश गुरुङले दिएको थ्रीनट थ्री राइफलको प्रयोग गरेको थियो । जुन राइफल खम्पा विद्रोहीहरूले प्रयोग गरेको भनिन्छ ।

त्यही हतियारको सहायतामा ३५ जनाको माओवादी टोलीले फौजी आक्रमण गरेको थियो । १५ वटा भरुवा बन्दुक र केही विष्फोटक पदार्थ पनि माओवादीसँग थियो ।

पूर्वउपराष्ट्रति पुनका अनुसार ३५ मध्येबाट एउटा टिम वर्षमानको नेतृत्वमा थियो । प्रहरीहरू सुत्ने उपल्लो तलामा सुटुक्कै साङलो लगाई भित्र थुन्ने योजना बनाएको थियो । अर्को कमान्ड भने नन्दकिशोरले सम्हालेका थिए । जुन टिमले भान्सामा भात खाँदै गरेको प्रहरीलाई आक्रमण गर्ने योजनामा बनाएको नन्दकिशोरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । तर, माओवादीसँग भन्दा अत्याधुनिक हतियार प्रहरीसँग भएपछि माओवादीले पूर्णरूपमा जित्न नसकेको पौडेल बताउँछन् ।

तर, रुकुमको राढी चौकी र सिन्धुलीगढी भने माओवादी फौजहरूले पूर्ण नियन्त्रणमा लिए । ती चौकीहरूमा प्रहरीसँग हतियार थिएन । सिन्धुलीगढीको पहिलो कारबाहीमा नेता हरिबोल गजुरेलको नेतृत्वमा भएको थियो । गंगा श्रेष्ठ पनि गजुरेलको टिममा थिए । टिममा ३३ जना रहेको श्रेष्ठले बताए ।

हाल बागमती प्रदेशका मन्त्री श्रेष्ठका अनुसार त्यहाँ मणि थापा र रवीन्द्र श्रेष्ठले राजनीतिक कमिसारको भूमिका निर्वाह गरेका थिए । शेरमान कुँवर, महेन्द्र श्रेष्ठ, कमल देवकोटा, गंगा श्रेष्ठले फौजी कमाण्ड सम्हालेका थिए । जहाँ विनाक्षति माओवादीले प्रहरी चौकी कब्जा गरेको थियो । त्यहाँबाट दुई थान खुकुरी र लठ्ठीमाथि माओवादीले बरामद गरेको नेता श्रेष्ठले बताए ।

'हाम्रो टोली प्रहरीभन्दा तेब्बर थियौं । गएर आत्मसमर्पण गर्न लगायौं । सबैले आत्मसमर्पण गरे । दुईवटा खुकुरी र लठ्ठी बरामद गरेर हिँडयौं' उनले प्रभावसँग भने ।

सिन्धुलीमा जस्तै रुकुमको राढी प्रहरी चौकीमाथिको आक्रमणमा पनि सफल भएको थियो । जुन चौकी आक्रमणको योजनाकार पूर्वमन्त्री गणेशमान पुन थिए । उनी राढी प्रहरी चौकी आक्रमणलाई 'सरप्राइज अट्याक' भएको बताउँछन् ।

त्यहाँबाट माओवादीले विष्फोटक पदार्थ कब्जामा लिएको थियो । जुन मोर्चामा कमला रोका, लालकुमारी रोका र नारायणी शर्मा पनि सहभागी थिए । कमला मन्त्री बनेकी छन् । हेमन्तप्रकाश वली राजनीतिक कमिसार र यज्ञश्वर शर्मा सहायक कमान्डर थिए । नेतृ कमलाका अनुसार विजय घले आर्क कमाण्डर थिए । युद्धकै बेला शर्मा र घलेको पनि मृत्यु भइसकेको छ ।

गोरखाको च्याङलीबाट माओवादीले कृषि विकास बैंकअन्तर्गतको साना किसान विकास आयोजनालाई दिउँसै नियन्त्रणमा लिएको थियो । जुन मोर्चाको कमान्ड भिमसेन पोखरेलले गरेका थिए । पोखरेलको पछि हत्या भयो । ४५ जनाको समूहले साना विकास आयोजना कब्जा गरेर किसानका लालपुर्जा र तमसुक किसानलाई वितरण गरिएको थियो ।

माओवादी प्रमुख सचेतकसमेत रहेका नेता हितराज पाण्डे त्यसबेला माओवादी एरिया इन्चार्ज थिए । उनले प्रभावसँग भने, 'त्यसबेला हाम्रो ४५ जनाको समूह थियो । हामीले सहजै आयोजना कार्यालय कब्जामा लियौं ।'

यही दिनलाई माओवादी नेताहरूलेले जनयुद्ध सुरु भएको दिन भन्ने गरेका छन् । तर, माओवादी १ फागुनमा हतियार उठाउने स्थितिमा आउनुभन्दा पहिले थुप्रै तयारी भएको थियो ।

२०५१ को फागुनमा बसेको माओवादी तेस्रो विस्तारित बैठकले युद्धमा जाने औपचारिक निर्णय लियो । यसको पृष्ठभूमि तयार भने २०४८ सालको एकता महाधिवेशनले उठान गरेको जनयुद्धको मुद्दा हो । पार्टी महामन्त्री दाहालले महाधिवेशनमा जनयुद्धसम्बन्धी प्रस्ताव पेस गरेका थिए । जसमा दुई धार देखिएको थियो । निर्मल लामा, रूपलाल विश्वकर्मालगायत नेताहरू जनयुद्धमा जाने लाइनमा विमती राख्थे । दाहाल, भट्टराईलगायत नेताहरू पनि जनयुद्ध लड्नुपर्छ भन्ने लाइनमा थिए ।

तर, २०४८ सालको संसदीय निर्वाचन उपयोग गर्ने र जनयुद्धको विकास गर्ने रणनीति अपनाउनेमा पक्षमा पनि उनीहरू थिए । अन्तमा नौ सिटसहित संसद्मा तत्कालीन मसालको प्रतिनिधित्व भयो । तर, पूर्ण कार्यकाल बिताउन नपाउँदै उक्त संसद् विघटन भयो । तीन वर्षपछि २०५१ मा मध्यावधि चुनावमा भयो । त्यसबेलाको दाहाल नेतृत्वको एकता केन्द्र जनयुद्धमा गयो । नाम पनि परिवर्तन भए नेकपा माओवादी कायम भएको नेता मातृका यादवले बताए ।

'एकता केन्द्रको नामबाट जनयुद्ध नगर्ने निर्णय गर्दा नेकपा माओवादी नामबाट गर्ने सहमति भयो र त्यही गरियो,' यादव बताउँछन् । अन्ततः माओवादी तेस्रो बैठकबाट जनयुद्धको सैन्य कार्यदिशा पारित गर्दै अघि बढ्यो । त्यसकै जगमा जनयुद्ध भएको माओवादी नेताहरू बताउँछन् ।

### अर्थतन्त्र सकारात्मक...

चालु आर्थिक वर्षको सुरूआतदेखि नै अर्थतन्त्र क्रमशः गतिमा फर्कंदै गरेको अवस्था छ,' अर्थमन्त्री महतले भने, 'बजेट वक्तव्यमार्फत सुरुवात गरिएका नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधारका प्रयासबाट सकारात्मक नतिजा देखिन थालेका छन् ।'

अर्थतन्त्र सुधारका लागि हालसम्म गरिएका प्रयासलाई संस्थागत र सुदृढ गर्दै आगामी दिनमा अझ बढी समन्वयात्मक ढंगले काम गर्ने अर्थमन्त्रीले बताए ।

अन्तर्राष्ट्रिय विकास सहायतातर्फ आवश्यकता र औचित्यका आधारमा मात्र ऋण परिचालन गर्न सुरु गरिएको उनले बताए । मौद्रिक नीतिलाई क्रमशः खुकुलो बनाइएको, सार्वजनिक संस्थान सुधारको कार्य अघि बढाइएको, निजीकरण समितिलाई क्रियाशील बनाइएकोलगायत सुधारका काम सरकारले गरिरहेको अर्थमन्त्री महतले बताए । कार्यान्वयनको क्रममा रहेका आयोजनालाई पूर्णता दिने र स्रोत सुनिश्चित गरिएका आयोजनालाई आवश्यक रकम प्रस्ताव गरेर मात्र नयाँ आयोजना तथा कार्यक्रमको थालनी गरिने मन्त्री महतले जानकारी दिए ।

## टिकौली जंगल क्षेत्रमा 'राडर गन' सहित चेकजाँच

**मुग्लिन (प्रस)**– जिल्ला ट्राफिक कार्यालय चितवनले सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि टिकौली जंगल राजमार्ग क्षेत्रका सडकमा 'राडर गन'सहित चेकजाँच सुरुआत गरेको छ । मध्यवर्ती र वरण्डाभार क्षेत्रको बीचमा पर्ने जैविक कोरिडोरसमेत रहेको सो क्षेत्रमा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनले ट्राफिक सप्ताह २०८० को अवसरमा राजमार्ग क्षेत्रका सडकमा चेकजाँच थालेको हो ।

सो कार्यालयका प्रमुख खड्कबहादुर खत्रीले सवारी दुर्घटनामध्ये अधिकांश तीव्र गतिका कारण हुने देखिएकाले यसलाई न्यूनीकरण गर्न 'राडर गन'को सहायताले चेकजाँच सुरु गरिएको जानकारी दिए । 'केही दिनदेखि हामीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र राष्ट्रिय वन रहेको वरण्डाभार क्षेत्रभित्र पर्ने टिकौली जंगल क्षेत्रका सडकमा चेकजाँच गरिरहेका छौं, अब बढी सवारीसाधन ओहोरदोहोर गर्ने व्यस्त बजार क्षेत्रलगायत जिल्लाका अन्य स्थानमा पनि 'राडर गन'बाट चेकजाँच सुरु गर्छौं,' उनले भने ।

कुन सवारीसाधन कति गतिमा गुडेको छ भन्ने राडर गनमा अंक देखिने र तस्बिर पनि खिचिने भएकाले सवारीसाधन चेकजाँचमा राडर गनको सहायताले सहज हुने बताइएको छ ।

## Nepalgunj Sub-Metropolitan City
## Office of Municipal Executive
## Nepalgunj, Banke
## Lumbini Province

## Invitation for Online Bids

**First Date of Publication: 2080-11-01 (13 Feb, 2024)**

1. Nepalgunj Sub- Metropolitan City, Office of Municipal Executive, Nepalgunj,Banke invites electronic bids from Nepalese eligible bidders for following :

| S.No. | Contract Identification No. | Description and location of wok | Estimated Amount (without VAT and PS) | Bid Security |
|---|---|---|---|---|
| 1. | NSMC/ NCB/W14/ 2080/81 | RCC Drain, Asphalt and PCC Road Work | NRs. 2,234,407.15 | NRs. 65000.00 |

2. **Account No. for Bid document Purchase**

| Bank | Office Name | Revenue Account Number | Bidding Document Fee (NRs) | Office Code |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Nepalgunj Sub Metropolitan Office, Banke | Nepalgunj U.Ma. Na.Pa(Ga-1-1)- Antarik 4130100301010002 | 3000.00 | 1126165 |

Only electronic bids must be submitted to the Office of Municipal Executive, Nepalgunj, Banke through PPMO's website: www.bolpatra.gov.np/egp on or before 2080/12/01 (14 mar.,2024) 12:00 noon. For further details, bidders are requested to visit Office of Municipal Executive, Nepalgunj, Banke or PPMO's website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TAYAB UNITED FOR BULDING & RAOAD RAOAD CONTRACTING CO.

पुर्व स्वीकृति मिति २०८०/०५/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२९ LT. No.291788 चलानी नं. ६०२०६९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 25 | 0 | 100 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला : बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART CAR WASH CARS

पूर्व स्वीकृति मिति २०८०/१०/२८ LT. No. 299765 चलानी नं. ६०२१४८४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 1 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२९ LT. 294388 चलानी नं. ६०२०९५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1500 | ५३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAQR AL KHALIJ CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/१०/२९ LT. No. 299915 चलानी नं : ६०२१४८५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 3 | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI GERMAN ALUMINIUM PRODUCTS CO.LTD.

पूर्व स्वीकृति मिति २०८०/१०/२९ LT. No. 299923 चलानी नं. ६०२१४८२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUAN YIK PRECISION (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२९ LT. No. 274194 चलानी नं. ६०१९००७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHAIR FOODSTUFF SHOPPING ESTABLISHMENT

पूर्व स्वीकृति मितिः २०८०/१०/२८ LT. No.299868 चलानी नं. ६०२१४७७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np

उपकुलपति नियुक्ति प्रक्रियामा शिक्षा समितिको चासो

# विवादित व्यक्तिबारे पुनर्विचार गर्न सिफारिस

## शिक्षा सचिव अधिकारी भन्छन्- उपकुलपति छनोटको प्रक्रिया रद्द मिल्दैन

**काठमाडौं (प्रस)**- प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिले त्रिभुवन विश्वविद्यालयको उपकुलपति छनोटका लागि 'सर्टलिस्ट'मा परेका विवादित व्यक्तिबारे पुनर्विचार गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र उपकुलपति सिफारिस समितिको ध्यानाकर्षण गराएको छ ।

समितिको सोमबार सिंहदरबारमा बसेको बैठकले उपकुलपतिका लागि सर्टलिस्टमा परेका व्यक्तिबारे छलफल गर्दै बौद्धिक चोरी, भ्रष्टाचार मुद्दा लागेका र सूचना लुकाएको अभियोगमा जरिवाना पाएका पनि सर्टलिस्टमा परेकाले नियुक्तिको प्रक्रिया तत्काल रोक्नुपर्ने भनेपछि समितिले विवादित व्यक्तिबारे पुनर्विचार गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र उपकुलपति सिफारिस समितिलाई ध्यानाकर्षण गराउने निर्णय गरेको हो ।

समिति सभापति भानुभक्त जोशीले छलफलमा उठेका विषयबारे पुनर्विचार गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सिफारिस समितिलाई ध्यानाकर्षण गराइएको जानकारी दिए । 'अहिले उपकुलपति छनोट प्रक्रियामा परेकामध्ये केहीलाई बौद्धिक चोरी, भ्रष्टाचार, सूचना लुकाएकालगायत आरोप लागेकाले ती व्यक्तिका बारेमा विशेष ध्यान दिनका लागि मन्त्रालयको ध्यानाकर्षण गराउने निर्णय गरेका छौं,' उनले भने ।

समितिले त्रिभुवन विश्वविद्यालयमा कार्यबाहक कुलपतिले विभिन्न निर्णय गरेको विषयबारे छानबिन गरी आवश्यक कारबाही गर्न पनि निर्देशन दिएको छ । सभापति जोशीले उपकुलपति नियुक्ति पारदर्शी बनाउन र नियुक्ति प्रक्रिया सामान्य जनताले अनुभूत गर्नेगरी गर्न उपकुलपति सिफारिस समितिलाई आग्रह गरे । उनले विश्वविद्यालय उपकुलपति नियुक्तिबारे फरक-फरक मापदण्ड रहेको पाइएको भन्दै विश्वविद्यालय शिक्षा सुधारका लागि सबै गम्भीर हुनुपर्ने खाँचो औंल्याए ।

बैठकमा शिक्षाराज्यमन्त्री प्रमिला कुमारीले त्रिभुवन विश्वविद्यालय ऐन बमोजिम उपकुलपति छनोटका लागि सिफारिस समिति बनेको भन्दै उक्त समितिले आवश्यक प्रक्रिया र ऐन कानुनबमोजिम योग्य र सक्षम व्यक्ति सिफारिस गर्ने विश्वास व्यक्त गरिन् । शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीले उपकुलपति छनोटको प्रक्रिया रद्द गर्न नमिल्ने बताए । यद्यपि, सर्टलिस्टमा परेका बौद्धिक चोरीको आरोप लागेका व्यक्तिका बारेमा सिफारिस समितिले आवश्यक छानबिन गर्ने विश्वास दिलाए ।

यसैबीच बैठकमा बोल्ने सांसदहरूले उपकुलपति छनोट प्रक्रियाको सर्टलिस्टमा रहेका व्यक्तिहरू बौद्धिक चोरीको आरोप लागेका, सूचना लुकाएको आरोपमा सूचना आयोगबाट जरिवाना पाएका र भ्रष्टाचार मुद्दा लागेका व्यक्तिहरू परेको भन्दै मन्त्रालय र समितिको ध्यानाकर्षण गराएका छन् ।

सांसद बद्रीप्रसाद पाण्डेले उपकुलपति छनोटका लागि अधिकतम विवेक प्रयोग गरिनुपर्ने भन्दै छनोट प्रक्रियाको दीर्घकालीन समाधानका लागि नीतिगत सुधार जरुरी भएको बताए । सांसद डा. चन्द्रकान्त भण्डारीले विश्वविद्यालय सुधार गर्ने कार्ययोजना र सोचका आधारमा छनोट प्रक्रियालाई पारदर्शी बनाइनुपर्ने बताए । सांसद विद्या भट्टराईले विश्वविद्यालयका कार्यबाहक कुलपतिले गरेका कानुनविपरीतका निर्णय भए रद्द गर्नुपर्ने धारणा राखिन् ।

सांसद सुमना श्रेष्ठले कार्यबाहक उपकुलपतिले क्षेत्राधिकार मिचेर काम गर्न नमिल्ने जिकिर गरिन् । सांसद डा. कालुराम राईले विवादमा परेका व्यक्तिलाई सर्टलिस्टबाट हटाउन सिफारिस समितिलाई आग्रह गरे ।

पृष्ठ १ बाट क्रमशः

### स्रोत जुटाउन नसक्ने..

चालु आवका लागि अर्थ मन्त्रालयले १९ वटा राष्ट्रिय गौरवका आयोजनाका लागि ६५ अर्ब ६४ करोड १४ लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो । यसमध्ये छ महिनामा १५ अर्ब ५० करोड आठ लाख रूपैयाँमात्रै खर्च भएको छ ।

समीक्षा अवधिमा चालुतर्फ ३८.८० प्रतिशत र पुँजीगततर्फ १६.७० प्रतिशत खर्च भएको छ । यो अवधिमा सरकारको स्रोततर्फ पाँच खर्ब ३९ अर्ब ७७ करोड ९३ लाख रूपैयाँ खर्च भएको छ । यो खर्च गत आर्थिक वर्षको तुलनामा ०.१५ प्रतिशतले न्यून हो । वैदेशिक अनुदानतर्फ पाँच अर्ब ४० करोड ५४ लाख रूपैयाँ खर्च भएको तथ्यांक छ, जुन गत आर्थिक वर्षको तुलनामा २५.१० प्रतिशतले न्यून हो । वैदेशिक ऋण २८ अर्ब ४४ करोड ८२ लाख रूपैयाँ परिचालन भएको प्रतिवेदनमा उल्लेख छ ।

**धान उत्पादन बढ्यो, पर्यटक पनि बढ्दै**

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासमा कूल गाहस्थ्य उत्पादन स्थिर आधारभूत मूल्यमा गत आर्थिक वर्षको यही अवधिको तुलनामा तीन.प्रतिशतले वृद्धि हुने अनुमान छ । चालु आव २०८०/८१ को पहिलो छ महिनामा देशको प्रमुख बाली धानको उत्पादन ४.३ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको यसै अवधिमा ६.९ प्रतिशतले बढेको थियो ।

चालु आवमा बैंकिङ क्षेत्रमा देखिएको तरलतामा सुधार, घट्दो ब्याजदर, शोधनान्तर स्थितिमा सुधार, वैदेशिक लगानी प्रतिबद्धतामा भएको वृद्धिले औद्योगिक क्षेत्रको सञ्चालनमा सकारात्मक प्रभाव परेको छ । आव २०८०/८१ को पुस महिनासम्ममा पाँच लाख ६० हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । गत आर्थिक वर्षको यसै अवधिमा यो संख्या तीन लाख ८४ हजारमात्र थियो ।

चालु आर्थिक वर्षको प्रथम छ महिनामा उपभोक्ता मूल्य सूचकांकमा आधारित औसत मुद्रास्फीति (मूल्यवृद्धि) ६.४७ प्रतिशत छ । गत पुसमा उपभोक्ता मूल्य सूचकांकमा आधारित वार्षिक बिन्दुगत मुद्रास्फीति ५.२६ प्रतिशत कायम रहेको छ ।

**निजी क्षेत्रमा जाने कर्जा बढ्यो, निक्षेप पनि बढ्दै**

समीक्षा अवधिमा कूल आन्तरिक कर्जा दुई प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.८ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा गत पुस मसान्तमा यस्तो कर्जा ८.६ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको छ महिनामा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा जाने कर्जा चार प्रतिशतले वृद्धि भई ४९ खर्ब ९० अर्ब रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तीन प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा गत पुस मसान्तमा यस्तो कर्जा ४.९ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिसम्म बैंक तथा वित्तीय संस्थाहरूले संकलन गर्ने निक्षेप ६.६ प्रतिशतले वृद्धि भई ६० खर्ब ८७ अर्ब रूपैयाँ पुगेको छ । पुस मसान्तसम्म नेपाल राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा र 'ओभरनाइट' तरलता सुविधामार्फत कूल पाँच खर्ब १५ अर्ब ११ करोड रूपैयाँ तरलता उपयोग भएको छ भने निक्षेप संकलन बोलकबोलमार्फत तीन खर्ब १५ अर्ब ५५ करोड रूपैयाँ तरलता प्रशोचन गरिएको छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा विप्रेषण आप्रवाह (रेमिटचान्स) २५.३ प्रतिशतले बढेर सात खर्ब ३३ अर्ब २२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४.३ प्रतिशतले बढेको थियो । यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्यामा २४.६ प्रतिशतले घटेर दुई लाख सात हजार ९७० जना कायम भएको तथ्यांक छ ।

# राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयनमा जोड



**काठमाडौं (प्रस)**- राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन् । सोमबार प्रधानमन्त्री तथा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष पुष्पकमल दाहालबाट परिषद्को वार्षिक प्रतिवेदन बुझ्दै उनले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकताको प्रवर्द्धन गर्न राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेकोमा जोड दिएका हुन् ।

विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्न, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुव्यवस्था कायम गर्न एवं सर्वांगीण मानवीय सुरक्षाको प्रत्याभूति कायम गर्न राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उनको भनाइ थियो । उनले मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता, राष्ट्रिय सुरक्षालगायतका संवेदनशील कार्यमा राष्ट्रिय सुरक्षा परिषद् सधैं चनाखो रहनुपर्ने बताए ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम व्यवस्था भएको राष्ट्रिय सुरक्षा परिषद्ले मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता, सुरक्षालगायतका संवेदनशील कार्यमा आफ्नो रणनीतिक दृष्टिकोणसहित ठोस सुझाव प्रस्तुत गरेकामा खुसी व्यक्त गरे ।

राष्ट्रपतिनिवासमा आयोजित प्रतिवेदन हस्तान्तरण समारोहमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा. प्रकाशशरण महतलगायत परिषद् सदस्यहरूको उपस्थिति रहेको थियो । नेपालको संविधानको धारा २६६ को उपधारा ३ मा राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।


कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय
गमगढी, मुगु

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२२

यस कार्यालयको चालु आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको यसै आर्थिक वर्षभित्र सञ्चालनका लागि इच्छुक अनुमति प्राप्त कम्पनी/संस्थाबाट तोकिएको लागत सहभागीतामा गराउनु पर्ने भएकोले यो ३० (तिस) दिने सूचना प्रकाशन गरिएको छ। इच्छुक अनुमति प्राप्त कम्पनीबाट तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना सहितको आवेदन पेश गर्नहुन अनुरोध छ। समयसिमा भित्र पेश हुन नआएका वा नपुगेका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

तपसिल

| सि.नं. | क्रियाकलाप/कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्याराग्लाइडिङ्ग प्रतियोगिता (मुर्माटपदेखि रारा ताल किनारासम्म) | प्याकेज | १ | २० | अनुमति प्राप्त कम्पनी/ संस्थालाई मात्र |

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरू**
१. रु.१० को टिकट टाँसी प्रस्तावना सहितको निवेदन।
२. स्थायी लेखा नम्बर प्रमाणपत्र।
३. करचुक्ताको प्रमाणपत्र।
४. कम्पनी दर्ताको प्रमाणपत्र।
५. प्याराग्लाइडिङ्ग सञ्चालन अनुमतिपत्रको प्रमाणपत्र।
६. निवेदनको परिचय खुल्ने कागजात।

**प्रस्ताव सम्बन्धी थप विवरण**
क) प्रस्तावको ढाँचा
१. प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना :
२. कम्पनीको छोटो चिनारी, लक्ष्य र उद्देश्य।
३. विधमान वित्तीय तथा अन्य भौतिक पूर्वाधार।
४. प्रस्तावित कृयाकलापहरू।
५. प्रस्तावित कृयाकलापहरू सञ्चालन गरिने विधि (जनशक्ति दक्षय प्रविधिक आदि)।
६. प्रस्तावित कृयाकलापहरूबाट हुने खर्च।
७. कृयाकलाप सञ्चालन गर्न लाग्ने समय।
८. प्रस्तावित कृयाकलापबाट लाभन्वित घरधुरी र सिर्जना हुने रोजगारी।
९. लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण।
१०. प्रस्तावित कृयाकलापहरूबाट उत्पादन हुने जनशक्ति।
११. दिर्घकालिन जगेर्ना/सञ्चालन विधि।
ख) प्रस्ताव सम्बन्धी अन्य व्यवस्था।
१. म्याद नाघी प्राप्त भएको पत्र उपर कुनै कारवाही हुने छैन।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सुचीमा राखेका कम्पनी, फर्मले भाग लिन पाउने छैनन्।
३. प्रस्तावनाको लागि प्रकाशित सूचना अनुसार आवश्यक सम्पूर्ण कागजातहरू अनिवार्य रूपमा प्रस्तावपत्र साथ पेश गनुपर्नेछ अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन।
४. विगत ३ वर्ष देखि उस्तै प्रकृतिका कार्यमा अनुभव प्राप्त गरेको हुनु पर्ने।
५. यो कार्यक्रम सञ्चालन गर्नपूर्व सम्बन्धित निकुन्ज कार्यालय तथा नागरिक उडयन प्राधिकरणको अनुमति लिनुपर्ने छ।
६. प्रतियोगीको सुरक्षाको सम्पूर्ण व्यवस्था मिलाउनु पर्नेछ।
७. यो सूचना माथि उल्लेखित भएको मितिदेखि लागु हुनेछ।

*यससम्बन्धी अन्य थप सम्पूर्ण जानकारीको लागि डिभिजन वन कार्यालय, मुगुमा सम्पर्क (०८७-४६००४८) गर्न हुन अनुरोध छ।*



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ONE VISION CO. LTD
पूर्व स्वीकृति मिति : २०८०/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२९ LT. No. 286705 चलानी नं. ६०२०२०४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 3 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : VERSATILE PROTECTION SDN.BHD.
पुर्व स्वीकृति मिति २०८०/०७२४ पुन : विज्ञापन स्वीकृति मिति २०८०/१०/२९ LT. No.294953 चलानी नं. ६०२१००१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ०८ गते (20th Feb 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

KOPERASI INTERNATIONAL PVT.LTD.
Govt. License 1287/074/75
Tokha -9,Gonggabu( Shiva Mandir ), Kathmandu,bagmati
Contact: +977 1- 5912411, Email: Koperasi227@gmail.com



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : B & S CO. FOR RESTAURANT & FOOD EQUIPMENT MANAGEMENT.
पूर्व स्वीकृति मिति : २०८०/१०/२९ LT. No. 299927 चलानी नं.६०२१४८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker Assistant | 3 | 0 | 130 | ५६,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi / Waiter | 5 | 0 | 130 | ५६,०२५ | | | | | | | |
| 3 | Pastry Cook | 4 | 0 | 150 | ६४,६४० | | | | | | | |
| 4 | Runner | 6 | 0 | 120 | ५१,७१५ | | | | | | | |
| 5 | Steward | 6 | 0 | 100 | ४३,०९५ | | | | | | | |

कम्पनी : A DOUGH CO FOR PIES, PASTRIES & SWEETS
पूर्व स्वीकृति मिति : २०८०/१०/२९ LT. No. 299925 चलानी नं.६०२१४८०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker/preparer | 2 | 0 | 150 | ६४,६४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 150 | ६४,६४० | | | | | | | |
| 3 | Chef Assistant | 2 | 0 | 130 | ५६,०२५ | | | | | | | |

कम्पनी : ASTRO BURGER CO FOR SELLING MOBILE FOOD & SNACKS.
पूर्व स्वीकृति मिति : २०८०/१०/२९ LT. No. 299926 चलानी नं.६०२१४८०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Burger Maker / Waiter | 2 | 0 | 150 | ६४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FANG & PAI INDUSTRIES SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/१०/२८ LT. No. 299834 चलानी नं. ६०२१४८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १३/१४ गते (25/26 Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MEHANDI OVERSEAS PVT. LTD. श्रम इजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LARSEN AND TORBO LIMITED ECC CONSTRUCTION GROUP
पूर्व स्वीकृति मिति : २०८०/१०/२६ LT. No. 299562 चलानी नं. ६०२१४६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Assistant | 17 | 0 | 800 | २८,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Assistant | 13 | 0 | 800 | २८,९०५ | | | | | | | |
| 3 | Reinforcing Fitter Assistant | 31 | 0 | 800 | २८,९०५ | | | | | | | |
| 4 | Riggers | 3 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 5 | Safety | 3 | 0 | 1200 | ४३,३५५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

अन्तरवार्ता हुने स्थानः रामजानकी सेन्टर, जनकपुरमा मितिः २०८० फागुन ६ गते (18th Feb. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १०/११ गते (22/23 Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 299562 मितिः २०८०/१०/२९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Google Overseas Pvt.Ltd
श्रम ईजाजत नं. ६३१/०६३/०६४
New Town Planing Airport-9, Kalimatidole, Ktm, Nepal
Phone No.+977-01-4487063 Fax : +977-01-4465296
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com



**निर्माणाधित बुकु काप्टी ज.वि.आ. को EM को Equipment हरुको Installation कार्यको लागि गरिएको बोलपत्र आव्हान**

हिमस्टार उर्जा कम्पनी ली. द्वारा प्रवर्द्वित ५ मे.वा. को बुकु काप्टी ज.वि. आ. अन्तर्गत EM Equipment BFL कम्पनी भारतबाट खरिद भै आएको र विद्युत गृह, स्वीच यार्ड र बाम्ती सबस्टेशनमा गरिनु पर्ने विभिन्न EM Equipment हरुको जडान कार्य गर्नको लागि इच्छुक राष्ट्रिय र अन्तराष्ट्रिय Installation कामदार भएको कम्पनीलाई १५ दिन भित्र आफनो Proposal सहितको कागजात पेश गर्न बोलपत्र मार्फत आब्हान गरिन्छ । Complete erection & installation of EM equipment , switchyard, equipment and S/S equipment. Scope: Complete erection & commissioning PH.



**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/११/०१

सामुदायिक बन उपभोक्ता समूहको वनबाट उत्पादन भई बंगलाचुली ८ तिनपोखरीमा घाटगद्दी गरी राखिएको साल जातको काठ १४४८.४५ क्यू. फि. अन्य जातको १०६.६२ क्यू.फि. साल दाउरा ३.०० चट्टा र अन्य दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

श्री ओखलढुङ्गा सामुदायिक वन उपभोक्ता समह
बंगलाचुली ८, सालबास दाङ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# भागबण्डाकै चक्करमा उपकुलपति नियुक्ति

त्रिभुवन विश्वविद्यालयका कुलपति प्रधानमन्त्री पुष्पकमल दाहाल हुन् । त्रिवि राजनीतिले थिलथिलो भएपछि यहाँ पढ्नेहरूले न त क्यालेण्डरअनुसार परीक्षा दिन पाउँछन् न समयमा प्रमाणपत्र नै । देशकै सबैभन्दा धेरै विद्यार्थी पढ्ने त्रिवि बेरोजगार उत्पादन गर्ने थलो नै बनेको छ । जसकारण यहाँ उपकुलपतिले पनि विद्यार्थीको कुटाइ खानुपर्छ भने कति समय कार्यालय नगई सीधै बिदामा बस्नुपर्छ । अति राजनीतिकरणले त्रिवि बद्नाम छ ।

सुशासनमा अब जोडतोडका साथ लाग्ने कसम खाएका प्रधानमन्त्री दाहालले गत पुस २ गते रंगशाला पुगेर त्रिविलाई राजनीतिक भागबण्डाबाट मुक्त गर्ने घोषणा गर्न भ्याए । त्रिविको ४९औं दीक्षान्त समारोहमा प्रधानमन्त्री दाहालले गिनिज वल्र्ड रेकर्ड कायम भएको दाबी गर्दै आफूले विश्वविद्यालयमा हुने राजनीतिक भागबण्डाको अन्त्य गर्ने घोषणा गरे । त्रिविले दाबी गरेको रेकर्ड त्यही दिन 'फेक' ठहरियो ।

प्रधानमन्त्री दाहालको दाबी पनि विस्तारै झूठ सावित हुन थालेको छ । प्रधानमन्त्रीकै निर्देशनमा पुस २० गते शिक्षा मन्त्रालयअन्तर्गतको उपकुलपति छनोट समितिले त्रिविमा उपकुलपतिका लागि दरखास्त आह्वान गर्‍यो । उक्त दरखास्तमा राखिएको विश्वविद्यालयको पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको (वर्ष, महिना र दिनसमेत) व्यहोरा खुलेको विवरण प्रमाणित प्रतिलिपि पनि बुझाउनुपर्ने छ भन्ने बुँदा यति विवादित बन्यो कि दुई दिनमै प्रक्रिया नै रद्द भयो । भनिन्छ उक्त बुँदा अहिलेका उपकुलपति प्रा.डा. शिवलाल भुसालका लागि बनाइएको बुँदा थियो । त्यसपछि निकालिएको दरखास्तमा यस्तो प्रावधान राखिएन । ४३ जनाले आवेदन दिए ।

माघ २६ गते 'सर्टलिस्ट' निकालियो १४ जनाको । जसमा पनि छुटेनन् प्रा.डा. शिवलाल । बेलैमा उपकुलपति छान्न नसकेपछि थप तीन महिना यो पदको जिम्मेवारी शिवलाललाई नै दिइसकेको छ सरकारले । यो बीचमा शिवलालले संसद्को शिक्षा समितिमा पटकपटक जाँचिनुपरेको छ । माओवादीनिकट त्यसमा पनि प्रधानमन्त्री दाहालनिकट मानिने शिवलाललाई उपकुलपतिमा ल्याउन मुश्किल हुने देखिएपछि सरकारले अर्को प्रपञ्च रचेको छ । यो बीचमा माघ २३ गते त्रिवि कार्यकारी परिषद्को बैठक राखेर भागबण्डा गरी डिन नियुक्त गरेका छन् । यसरी भागबण्डा गर्दा कांग्रेसलाई चार क्याम्पस, माओवादीलाई तीन र एमालेलाई तीनवटा क्याम्पसमा डिन परेको छ ।

प्रधानमन्त्री त्रिविमा आफैं राजनीति अन्त्य गर्ने घोषणा गर्ने तर आफैं पानी धमिलो बनाएर माछा मार्ने खेलमा लागेको देखिन्छ । शिवलाल उपकुलपति बनेमा पक्कै उनीमाथि लागेको आरोप पुष्टि हुने देखिन्छ । यसैले राजनीतिमाथि राजनीति नगर्ने कि प्रधानमन्त्रीज्यू ?

# जनयुद्धलाई हिंसा देखाउने 'दोषी' चस्मा



टिकाराम खड्का

जनयुद्ध परिवर्तनको हुंकार थियो । यसले ल्याएको परिवर्तन अकल्पनीय छ । सामाजिक-राजनीतिक चेतनामा ल्याएको परिवर्तन इतिहासकै अब्बल छ । क्रान्तिपछि हुने प्रतिक्रान्ति र प्रतिक्रान्तिपछि हुने विद्रोहले ठूलो क्षति गर्छ । त्यो धेरैको कल्पनाबाहिर हुन्छ । यसकारण पनि जनयुद्धलाई स्थापित गराउनुको सट्टा अपराधीकरण गर्न समय खर्चिए त्यसले ठूलो विध्वंश मच्चाउने खतरा कायमै रहने छ ।

नेपाल राज्यको स्थापना नै सशस्त्र विद्रोह र क्रान्तिबाटै सुरूआत भएको देखिन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा होस् वा प्रजातन्त्रका लागि छेडिएका क्रान्ति नै किन नहुन्, व्यवस्था परिवर्तन रक्तरञ्जित छ । यसरी विद्रोह र सशस्त्र युद्धको जगमा आएका परिवर्तन संस्थागत गर्ने र तीनलाई व्यवस्थित गर्ने मामलामा भने नेतृत्व चुक्ने र अर्को विद्रोहको सुत्रपात हुनेक्रम चलि नै रह्यो ।

नेपाली कांग्रेसले प्रजातन्त्रका लागि निर्वासन बसेको, आन्दोलन गरेको, विमान अपहरण गरेको, शासन सत्ताविरुद्ध विगुल फुकेको विषय होस् वा झापाको सुखानी प्रकरण नै किन नहोस्, यी विद्रोह समाज रूपान्तरणका लागि गरिएका क्रान्तिको रूपमा दर्ज छन् ।

यी विद्रोहको अन्तरवस्तु के थियो ? यस्ता विद्रोहले के स्थापित गर्न खोजेको थियो ? वा यस्ता प्रकरणले नेपाली समाजलाई के शिक्षा दियो ? त्यो फरक पाटो हो । तर, यी गतिविधि जनताको मुक्ति र मुलुकको व्यवस्था सुधारका पक्षमा गरिएका निःस्वार्थ क्रान्ति थिए भन्दा अन्याय हुँदैन । तर, क्रान्ति र विद्रोहको चेत जगाउँदै मुलुकलाई सामन्ती राज्यसत्ताबाट उन्मुक्ति गराउने उद्देश्यका साथ तत्कालीन नेकपा माओवादीले थालेको जनयुद्धलाई स्वीकार गर्न किन आनाकानी भइरहेको छ ? त्यसलाई हिंसाको संज्ञाका रूपमा किन स्थापित गराउने प्रयास भइरहेका छन् ? संक्रमणकालीन न्याय प्रणालीलाई राजनीतिक सौदावाजी र शक्ति राष्ट्रसहित स्वार्थ समूहको चंगुलमा किन धकेल्न खोजिँदै छ ? यसको लेखाजोखा आवश्यक छ । तर यो गर्ने कसले ? जनताले ? राज्यले ? सबै राजनीतिक दलले ? वा युद्ध लडेको शक्तिले ? यसको सीधा जवाफ हो, सबैले । यसको जवाफ हो, संविधान र गणतन्त्र पक्षधर सबैले । तर, यस्तो हुन सकेको छैन । यो दुःखद विषय हो ।

नेपालले मुलुकमा प्रजातन्त्र स्थापना गर्न भन्दै धेरै रगत बगाएको छ । थुप्रैले प्राण त्याग गरेका छन् । सामन्तवादको अवशेष फाल्नुपर्छ भन्ने निर्भिक धारणा राख्दा कोही सुली चढाइएका छन् त कोहीको निर्मम हत्या गरिएको छ । यसैको जगबाट स्थापित प्रजातन्त्रलाई तत्कालीन राज्यसत्ताले पञ्चायतकालमा रूपान्तरण गर्नेदेखि निर्दलीयता लाद्ने कामसमेत भएको तथ्य छ । थुप्रै नेताहरू प्रजातन्त्रका खातिर जेलनेल बसेका छन् । उनीहरूमा देखिएको क्रान्तिकारी चेत र मुलुकको प्रजातन्त्रका लागि खेलेको योगदान अहिलेको पुस्ताले स्वीकार गर्न इन्कार गरे पनि नेपालको वास्तविकता यही हो । यस्तो अवस्थामा निरंकुश सामन्ती सत्ताको अन्त्य र जनताको सत्ता स्थापना गर्न भन्दै तत्कालीन माओवादीले २०५२ फागुन १ गते थालेको युद्ध अहिलेको संविधानले स्वीकार गरिसक्दा पनि हिंसाको अंश कसरी बनिरहेको छ त्यो उदेकलाग्दो विषय हो ।

जनयुद्धको थालनीदेखि विस्तृत शान्ति सम्झौतासम्मलाई हेर्ने हो भने माओवादीले १० वर्ष नौ महिना आठ दिन विद्रोह र क्रान्तिमै समय बितायो । तत्कालीन राज्यसत्तासँगको युद्ध वर्ग संघर्ष, जनताको मुक्ति, सामाजिक राजनीतिक चेतना विकास र रूपान्तरणका साथै वंशीय एकतन्त्रको रूपमा स्थापित राजतन्त्र अन्त्यको कडी थियो । यो तीतो सत्य हो । विस्तृत शान्ति सम्झौताको अभिन्न अंग बनेको जनयुद्ध आजका दिनसम्म आइपुग्दा धेरै गिजोलिएको छ । थिलोथिलो पार्ने कोसिस भइरहेको छ । यसलाई बद्नाम गराउने षडयन्त्र आज पनि जारी छ ।

यसको संरक्षण गर्ने प्रमुख पात्रहरूले पनि जनविश्वास गुमाउँदै गरेको स्थिति र राजनीतिक रूपमा पनि स्खलित हुँदै गरेको तथ्यले सर्वहारा र श्रमजीवि वर्गमा चिन्ता थपिएको छ । वर्ग संघर्षको रापतापबाट उद्वेलित जिल्ला र त्यहाँका मानिसहरू व्यवस्था फेर्ने आन्दोलनबाट अवस्था फेर्ने अर्को युद्धमा हेलिएका छन् । जोखिम मोलेर अवैध विदेश यात्रा तय गर्नेदेखि रोजिरोटीका लागि परदेश धाउने गरेका छन् । यसैको फाइदा अभिजात वर्ग, राजनीतिक बेइमानीहरू, शक्ति राष्ट्र र स्वार्थ समूहले लिइरहेका छन् । यसलाई नियन्त्रण गर्नु र इतिहासलाई पुनर्जागृत गर्ने जिम्मा अब सिंगो राज्यसत्ताले नलिए स्थिति थप भयावह हुने छ ।

जनयुद्धले स्थापित गरेका मूल्य मान्यता, अनुशासन, राजनीतिक संस्कार, सामाजिक-सांस्कृतिक-राजनीतिक चेत र आदर्श अहिले खोक्रो बनिरहेको छ । युद्धका कमाण्डरहरू जनयुद्ध लडेर फर्किएपछि धनयुद्ध लडिरहेका छन् । छोराछोरीलाई विदेशका महँगा विश्वविद्यालयमा पठाउनदेखि सम्पत्ति आर्जन, अवैध कारोबार, सरकारी सम्पत्ति कब्जा र कुनियत राखेर राजनीतिक बेइमानीको चाङ लगाउँदै छन् । यसले वितृष्णा त जागृत गरेको छ नै, जनयुद्धका स्थापित मूल्य मान्यतामाथि समेत प्रहार गरिरहेको छ ।

आफैं युद्ध लडेका कमाण्डर र कार्यकर्ताहरू सामान्य अंकको आर्थिक लोभमा जनयुद्धलाई भ्रष्टीकरण गर्ने र त्यो बेलाको आदर्श बेच्ने काम गरिरहेका छन् । के त्यो युद्ध यसैका लागि थियो ? पक्कै पनि थिएन । तर, उपभोक्तावादको चरम उत्कर्षमा पुँजीवादले गाँजेपछि उनीहरू आजको व्यवस्थामा निरीह र टिठलाग्दा बनिरहेका छन् । जनयुद्धलाई कसैले हिंसा भन्यो भने त्यसको प्रतिवाद गर्ने हिम्मत राख्दैनन् । किन यस्तो भयो ? के त्यस्ता पात्रहरू मात्रै जनयुद्धलाई हिंसाको अर्थमा बुझाउने कार्यमा दोषी छन् ? पक्कै पनि छैनन् । यसको दोष मूल नेतृत्वदेखि तलसम्म आइपुग्छ । जसले जनयुद्धको इमान र आदर्शलाई टेकेर व्यक्तिगत उन्नतिका लागि समय खर्चिए ।

जनयुद्ध हिंसाको रूपमा व्याख्या हुनु र विस्तृत शान्ति सम्झौताको अधीनमा निर्मित संविधानको एक अंग न्यायालयले पनि यसमा दोषी चस्मा लगाएर धमाधम निर्णय गर्नुले जनयुद्ध थप आपराधिक बन्ने खतरा बढिरहेको छ । संविधान, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता ल्याउने पात्रहरू अपराधी करार हुने डर पैदा गरिएको छ । थुप्रै मानिसहरू जेल परेका छन् । केहीमाथि न्यायालयले गिद्दे नजर लगाएर हेरिरहेको छ । विपक्षी दल पख् भनिरहेको छ । यस्तो हुनु नेपालको शान्ति प्रक्रिया, अमनचयन र क्रान्ति चेतमाथिको घात हो ।

युद्धरतपक्षलाई शान्ति प्रक्रियामार्फत राज्यले नै स्वीकार गरेर मूलधारमा आमन्त्रण गरिसकेपछि युद्धमा घटेका घटना, मारिएका व्यक्ति, बेपत्ता पारिएका मानिस र सबैलाई समग्रतामा संक्रमणकालीन न्याय प्रणालीबाट न्याय निरूपण गर्नु पहिलो दायित्व र अन्तर्राष्ट्रिय अभ्यास पनि हो । विश्वका धेरै द्वन्द्वग्रस्त मुलुकको अभ्यास पनि यही हो । यसमा अन्तर्राष्ट्रिय शक्ति, संयुक्त राष्ट्रसंघ वा अन्य कुनै पनि राष्ट्रहरूले स्वार्थ समूह खडा गरेर दबाब दिन पाइन्न । उनीहरूले नेपालको शान्ति प्रक्रियालाई समर्थन गर्ने र विधिको पालना गर्नुपर्छ भन्ने भन्दा धेरै स्थान पनि पाउनु हुन्न । तर, यहाँ न्यायालयदेखि राजनीतिक दल र सबै पक्ष यसलाई थप गिजोल्ने र प्राप्त व्यवस्थालाई नै उलटफेर गर्ने षडयन्त्रमा छन् । त्यो तथ्य आम नेपालीले बुझ्न आवश्यक छ ।

विभिन्न समयमा भएका क्रान्ति, जनयुद्ध, जनयुद्धको बलमा चलेको जनआन्दोलन र त्यसपछि स्थापित गणतन्त्र अहिलेको युग सुहाउँदो उत्तम व्यवस्था हो । यसका पात्रहरू कति सही कति गलत बहस छलफल गर्न सकिने थुप्रै ठाउँ छ । तर, यसको विकल्पमा फेरि पश्चागमनमा फर्किने कुरा किमार्थ सही हुन सक्दैन । जुन कुरा धेरै चर्को गरी आइरहेको छ । यसले अन्ततः फेरि अर्को विद्रोह वा क्रान्तिको रूप लिने र फेरि धनजनको क्षति गराउनेबाहेक धेरै हुन सक्दैन । यति हुँदाहुँदै पनि जनयुद्ध किन हिंसाको रूपमा अर्थ्याउने काम भइरहेको छ ? त्यो गम्भीर चासोको विषय हो ।

जनयुद्ध एक युगमा भएको महान विद्रोह र जनतामा जागेको क्रान्तिकारी चेत थियो । त्यो बेला तत्कालीन समयमा विद्रोही पक्षले आफ्नै दाजुभाइलाई निर्मम हत्या गर्‍यो भन्ने जुन भाष्य स्थापित गराउन खोजिँदै छ त्यो नै दुरासयपूर्ण र कूनियतपूर्ण छ । राज्य जहिले पनि हतियारको बलमा आफूलाई सु-संगठित ठान्छ र नागरिकमाथि दमन गरिरहन्छ । अझ निरंकुश र सामन्ती राज्यले त जनतामा ठूलो दमनको शृंखला थोपार्छ । जुन कुराले जनताका अधिकारमात्रै कटौती हुँदैनन्, एक किसिमले जनतालाई अदृश्य कालकोठरीमा राखिन्छ । यस्तै प्रवृत्ति र व्यवस्थाविरुद्ध लडिएको युद्ध कसरी हिंसा हुन्छ ? सामन्तवादको अवशेष फाल्ने युद्ध कसरी हिंसा हुन्छ ? त्यसको जवाफ निम्छरो ढंगले दिएर पुग्दैन । तथ्य, प्रमाण, आधार र राजनीतिक मान्यताको आधारमा जवाफ आउनपर्छ । तर, यस्तो हुनुको सट्टा एकोहोरो जनयुद्धलाई हिंसाको रूपमा अर्थ्याउने, अपराधीकरण गर्ने र योद्धालाई जेल राख्ने मनशायले जसरी घटनाक्रम विकास हुन थालेका छन्, त्यसलाई चिर्न ठूलो जोखिम मोल्न आवश्यक छ ।

जनयुद्धको व्याख्या राजनीतिक स्वार्थको चपेटामा परिरहेको बेला अब सचेततापूर्वक यसलाई चिर्न विशेष कार्यक्रम चाहिन्छ । प्रतिपक्षी दलका नेता तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जनयुद्धलाई हिंसाको रूपमा अर्थ्याउने जुन चेष्टा गरिरहेका छन्, त्यसमा सफेद बेइमानी लुकेको छ । माओवादी केन्द्रसँग एकता गरेर राजनीतिक शक्ति आर्जन र कार्यकारी प्रमुख बन्दा जनयुद्ध हिंसा नहुने र आफू पदबाट च्यूत हुनेबित्तिकै हिंसा हुने कुरा कसरी स्वीकार्य हुन्छ ? यसको लेखाजोखा स्वयं ओली, पुष्पकमल दाहाल र जनताले गर्नुपर्छ ।

जनयुद्ध परिवर्तनको हुंकार थियो । यसले ल्याएको परिवर्तन अकल्पनीय छ । सामाजिक-राजनीतिक चेतनामा ल्याएको परिवर्तन इतिहासकै अब्बल छ । क्रान्तिपछि हुने प्रतिक्रान्ति र प्रतिक्रान्तिपछि हुने विद्रोहले ठूलो क्षति गर्छ । त्यो धेरैको कल्पनाबाहिर हुन्छ । यसकारण पनि जनयुद्धलाई स्थापित गराउनुको सट्टा अपराधीकरण गर्न समय खर्चिए त्यसले ठूलो विध्वंश मच्चाउने खतरा कायमै रहने छ ।

## मननयोग्य

### चाणक्य नीति

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ?

सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे । नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो । उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । तं सन्, यो ब्राह्मण संकल्प गर्छ जवसम्म नन्दवंशको जरदेखि नाश गर्दैन तबसम्म अन्न खाँदैन र यो टुप्पी तेरो (नन्दको) रगतले नधोएसम्म शिखा पनि पार्दैन (बाँध्दैन) । नन्दले आफ्ना सैन्यलाई चाणक्यलाई गिरफ्तार गर्न आदेश दिनुभन्दा अगाडि नै मध्यसभाबाट चाँडो-चाँडो पाइला चाल्दै उनी दरबारबाट बाहिरिए । राजा र सबै दरबारिया हेरेका हेर्‍यै भए ।

यसरी नन्दको दरबारमा प्रतिज्ञा गरेर जसरी शकटारसँग भेट्न आफ्ना पिता कमाए त्यसैगरी उनी पनि गए । तिहारको मध्यराती अन्धाकार नष्ट गरिरहेथ्यो । मगधका प्रत्येक घर जग थिए । बूढा, बच्चा, तरुनी वृती सबै अनुभव पनि दुराचारी नन्दको अत्याचार बिसिएर दीपावलीको मानद लिइरहेका थिए ।

विस्तारै विस्तारै थाकेका सबै सुन्न गए । ताराखाली सुन् मात्र थियो या कतै-कतै अन्धारसँग बढ्दै गरेका बती र सुनसान थियो । नीरवतालाई कहीं कुकुरको आवाजले भंग गरिदिन्थ्यो । क्रमशः

# जनयुद्धले देखाएको धनयुद्धको बाटो !




काठमाडौंको तीनकुनेबाट दक्षिणतर्फ थोरै अगाडि बढेपछि सानो ढिस्को आउँछ । आजकल त्यसलाई फ्रान्सको राजधानी पेरिसको नामबाट 'पेरिस डाँडा' भन्छन् रे ! नाम गतिलो नपाएपछि पेरिस डाँडा राख्या भन्छन् ठूल्दाइ ।

जंगलको बास हुँदा सामन्तहरू भन्दै धेरैका हातखुट्टा भाँच्दै र गर्धन छप्काउँदै हिँडेका ठूल्दाइ अहिले सकी नसकी ठूल्भाउजुको सहाराले पेरिस जान नपाएपछि दिनकै पेरिस डाँडा धाइरहेका छन् । खल्ल्याङ खल्ल्याङ गर्दै ठूल्भाउजुको हात समाएर हिँडेको देख्दा कतिपय दयालुहरूले त २०/५० रूपैयाँ पनि दिने गरेका छन् माग्ने ठानेर ।

तर, ठूल्दाइ केका माग्ने हुन्थे र ? उनी त २४० वर्षीय शाहवंशीय राजतन्त्र ढाल्न हिँडेका लडाकु पो हुन् त ? आजकल पेरिस डाँडामा उपचारको खर्च खोज्दै आधुनिक सामन्तको पाउ पर्न हिँडेको अरे भाउजुले भनेको ।

'जंगलमा सँगै बास भएका सहकर्मीहरू अहिले त्यही फान्सको डाँडामा चिल्ला मोटरगाडी चढेर आउँछन्, तर यी बूढालाई देखेर पनि नदेखेको जस्तै गर्छन्,' ठूल्भाउजु आक्रोश पोख्छिन् । हेर्नु न मटचांग्रा बाबु, 'यी बूढालाई नजाऊ न भो ती आधुनिक सामन्तहरूको अनुहार हेर्न भन्यो पटक्कै मान्ने होइन ! यिनले हाम्रा लागि केही पनि माखो मार्ने छैनन्, हामीले पो यिनका लागि रगत बगाउन खोज्यो त,' बूढाको दाहिने खुट्टा देखाउँदै भाउजु रन्किन्छिन्, 'यी यस्तो हालतमा हिँड्नु पर्‍या छ । तीनवटा गोली अहिलेसम्म तीघ्रामा गढेको छ ।'

ठूल्भाउजुको कुरा सुनेर ठूल्दाइ अलि रिसाएको पारामा भन्छन्, 'नकरा तँ बढी जान्ने हुँदी रैछ, अब आफ्नै भाग्य खोटो भएपछि अरूलाई दोष लगाएर हुन्छ ?' विद्युत्को पोलमा अडेस लगाएर उभिएका ठूल्दाइ अझै ठूलै काम गरेजस्तो गर्व गर्छन्, 'हामीले नै गर्दा राजतन्त्र ढल्यो ।'

ठूल्दाइको गर्वमा भाउजु विमति जनाउँछिन्, 'हेर्नोस् बाबु, यी बूढाले जेसुकै भनुन्, एउटा सामन्त राजा फालेर टोलैपिच्छे आधुनिक सामन्त राजा भित्रेका छन् । यस्ताबाट खै आशा छैन मलाई छ । १७ वर्ष भो, परिवर्तन भाको । १७ हजार मान्छे मारेको आरोप लागेको छ । त्यही युद्धमा होमिएकाको हालत यस्तो छ ! यस्तो नि परिवर्तन हुन्छ ? ल हो कि होइन भन्नुस् त ?'

मटचांग्रा जिल्ल पर्छ । हो भन्दा पनि अनुचित होइन भन्दा पनि अनुचित । ऊ मौन बस्छ ।

कत्ति दिनदेखि नधोएको मैलो न मैलो ज्याकेट लगाएका ठूल्दाइ पेरिस डाँडा दैनिक आवतजावत गर्दा रैछन् । उनीसँग एउटै कमाण्डमा हिँडेर जनयुद्ध लडेका साथी अहिले मन्त्री छन् । तर उनले भेट्नै पाएका छैनन् रे ? भेट्ने र तीघ्राको गोली निकाल्न अस्पतालका लागि लाग्ने खर्चको जोहो गर्न पेरिस डाँडा धाउँदा-धाउँदा दिक्कै भइसके । 'खै साथीहरूसँग भेट नै हुँदैन भाइ, कत्ति धेरै व्यस्त भाका !,' ठूल्दाइले बल्ल मुख खोले ।

आँखाभरि आँशु पार्दै ठूल्दाइ श्रीमतीलाई देखाउँदै बह पोख्छन्, 'यसले त नआऊ भन्छे । तर मनले मान्दैन एकपटक जाउँ साथीहरूले केही गर्छन् कि भन्ने आशा हुँदो रहेछ । हेर भाइ यो काठमाडौंमा बाटोमा हिँडेकोसमेत पैसा लाग्ने भइसक्यो ।'

मटचांग्रो केही बोल्न सकेन । तर पनि ठूल्दाइलाई सान्त्वना दिँदै भन्छ- हरेक खानु हुँदैन दाइ लाग्नुस् न । केही न केही त गर्लान् नि ।

'केही गर्दैनन् बाबु आफ्ना सन्तानलाई सात पुस्ता पुग्नेगरी धनार्जन गीरसके, हामी जनयुद्ध लडेकालाई के मतलव अब लड्नुपर्दैन क्यार !' भाउजुले जवाफ दिईहालिन् ।

पेरिस डाँडा जाने चिल्लोबाटोमा मेलम्ची खानेपानीले पाइप बिछ्याउन खनेको सानो माटाको ढिस्को छेउ रहेको विद्युत्को पोलमा अलिकति घाम पार्दै उभिएका ठूल्दाइ भित्रभित्रै जनयुद्ध लडेकोमा दुःखी देखिन्छन् । मुखले बोल्न नसकेपछि मनले धिक्कार्दै गरेको मटचांग्राले अनुभव गरिरहेको छ ।

मटचांग्रोले ठूल्दाइको भावना बुझेर पनि के काम ? पहिले नै स्कुल पढ्दापढ्दै नजाऊ दाइ जंगलको बास भन्दा मानेका थिएनन् । अहिले एउटा खुट्टा कामै नलाग्ने हुँदा पनि हिजो संघर्ष गरेको दल आज सत्तामा हुँदा पनि केही नै गर्दिएको छैन । एउटा सामन्तलाई फालेर आफैं आधुनिक सामन्त बनिरहेका छन् । अनि भाउजु ? बाबु के गर्दै छन त ? छोरी के गर्छिन् ? मटचांग्राले कुरा मोड्न खोज्यो ? उसले कुरा मोड्दै गर्दा चिल्लो गाडी झण्डा हल्लाउँदै पेरिस डाँडातिर धुलो उडाउँदै हुँइकियो ।

ठूल्दाइले गाडीभित्रका मान्छे चिनिहाले । के गर्ने मटचांग्रा भाइ, शक्ति नभएपछि सबैले हेप्छन् भन्ने कुरा बल्ल पो थाहा पाउँदै छु । (गाडीतिर देखाउँदै) यी साथी र म सँगै लड्न हिँडेका हौं, मेरै कारणले ऊ जोगियो म यो हालतमा पुगें ।

'अँ साँच्चि, छोरो त कतार गाको छ भाइ । जंगलमै जन्मिएको त्यो । जंगलमै हुर्कियो । हामीलाई गाली गर्दै कतार गाको पनि सात वर्ष पो पुग्न लाग्यो त !,' ठूल्दाइले नढाँटीकन भने ।

भाउजुले थप्दै भनिन्, 'नगएर पनि के गरोस् त साम्यवाद ल्याउँछु भन्दै जंगल गएका बाउआमा आधुनिक सामन्ती बोकेर हिँड्नुपर्‍यो । बाउको तीघ्राको गोली निकाल्न कतारबाट कमाएर पठाउँछु भनेको छ । त्यसले पठाको पैसाले पनि नपुग्ने भो के बाबु, त्यसैले पेरिस डाँडा धाउन थालेको ।

बहिनीचाहिँ पनि कुवेतमा छे । यहाँको मान्छे बेच्ने दलालले भनेको जति तलब नै दिएन । पैसै पठाउन नसक्ने पो भएको छु भनेकी छे ! के गर्ने खाउँ भने दिनभरको सिकार, नखाउँ भने कान्छाबाउको अनुहारजस्तै भाका छौं बाबु हामी जोइपोइ । महिनौं बितिसक्यो धाउँदा-धाउँदा कतारबाट छोराले उपचार गर्न पठाको पैसा पनि सकिन लागिसक्यो !

ए ! जे हुनु भइगो क्यार । 'अब मैले गर्न सक्ने सहयोग गरिहाल्छु दाजु ।' खल्तीबाट मटचांग्राले पाँच हजार झिकेर ठूल्भाउजुलाई दिन्छ । 'ल अहिले यो लिनुस् आउजाउ गर्न काम लाग्छ, म पनि अफिस हिँडेको दाइभाउजुलाई अल्मलाइदिएँ ।' दाइलाई गाह्रो होला विस्तारै जानुस् ।

पाँच हजार लिँदै भाउजुले मटचांग्रालाई भन्छिन्, 'धन्य छ बाबु खासमा भन्ने हो भने हामीले दुई दिन भो केही खाएकै छैन । यति भएपछि सायद आजै नाइटबसमा गाउँमा छिर्नुपर्ला । उपचार पाए गरौंला नपाए मरौंला ।' दाजुले फिस्स हाँसे ।

जनयुद्ध लडेर आमूल परिवर्तन गर्नेहरू आफैं परिवर्तन भएर धनयुद्धतिर लागे । गोली र छर्राबाट बाँचेकाहरू समुद्रपारी खाडीतिर बाध्य भएर भागे । मै जस्ता केही नसक्ने घिटघिटेहरू यसैगरी वल्लोतिर र पल्लोतिर गर्दै पेरिस दरबार धाउँदा-धाउँदै अस्ताउने नै भइयो ।

ठूल्दाइ भन्छन्, 'बल्ल पो थाहा पाएँ जनयुद्धले जनताका लागि होइन आफ्नै लागि धनयुद्धको बाटो पो देखाएको रहेछ । ल भाइ नमरी बाँचे काललले साँचे भेटौंला है !'

दायाँ हात मुट्ठी कसेर ठूल्दाइ र ठूल्भाउजु पेरिस डाँडातिर लागे । मटचांग्रा आफ्नै बाटो ।

# महोत्सवको आकर्षणमा लोपोन्मुख घोडा नाच



**त्रिशूली (नुवाकोट)-** नुवाकोटको विदुरमा जारी आठौं नुवाकोट महोत्सव अवलोकन गर्न आउनेलाई किस्पाङ गाउँपालिका-४ साल्मेका तामाङ समुदायद्वारा प्रस्तुत घोडा नाचले आकर्षित बनाएको छ ।

तामाङ समुदायको जातीय उत्पत्तिसहित सामाजिक, आर्थिक र धार्मिक मान्यताका विभिन्न किम्वदन्ती जोडिएको घोडा नाच लोप हुन नदिन महोत्सवमा घोडा नाचको प्रस्तुत गरिएको हो । आधुनिकतासँगै हराउँदै गएको उक्त नाचलाई संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारका लागि किस्पाङ-४ मा संगम छेज्यु सांस्कृतिक मेला एवं घोडा नाच प्रदर्शन समूह स्थापना गरेर पर्वहरूमा अभ्याससहितको प्रदर्शनी थालिएको हो ।

परापूर्व समयदेखि छेच्युअन्तर्गत समूहमा खेलिने ऐतिहासिक घोडा नाच लोपोन्मुख अवस्थामा पुगेसँगै हाल स्थानीय सरकारको सहयोगमा संरक्षणमा जोड दिइएको किस्पाङ-४ का वडाध्यक्ष विनोद तामाङले जानकारी दिए । उनका अनुसार घोडचढीको सन्दर्भका यथार्थ चित्रणलाई जोडेर घोडा नाचको प्रचलनलाई निरन्तरता दिइएको हो ।

'मञ्जुश्री संवत्‌अनुसार तामाङ समुदायको नयाँ वर्षको अवसरमा मनाइने छेज्यु पर्वमा देखाइने चेमामध्येको एक तपु स्यप (घोडचढी नृत्य) मौलिक संस्कृति हो,' उनले भने, 'घोडचढी नाचमा सैनिकको आकृति र स्वरूप दिन दाँया हातमा तरबार, बायाँ हातमा ढाल र अनुहारमा रङ लगाएर प्रतिस्पर्धा गरिन्छ । अन्य सहायक सैनिकको हातमा भाला, धनुषलगायतका युद्धकौशलका सामग्री हुन्छ ।'

घोडचढी बनेर नाच्न मानिसले शरीरका दुवैतर्फ काठ बाँधी घोडाको आकृति बनाएको हुनाले दृश्य र प्रस्तुत रोमाञ्चक मानिने गरिएको छ । नाचको नेतृत्वले झ्याम्टा र ढ्यांग्रोको तालमा दुवैतर्फबाट लामा सहभागी हुने भएकाले यस नाचलाई समूहमा प्रस्तुत गर्ने गरिएको साल्मेका ज्येष्ठ नागरिक चोक्ता लामाले जानकारी दिए ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be atten ded compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
We are an ethical and responsible recruitment agency.
**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगञ्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोनः ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com
Hotline No. 9802021361
पहिलो आउनेलाई पहिलो प्राथमीकताको नियम अर्न्तगत फारम उपलब्ध गराईने छ । साथै कम्प्युटरको ज्ञान हुनुपर्नेछ ।

रंगशाला

## नेपाल-क्यानडा एकदिवसीय सिरिज

# नेपालले गर्‍यो 'क्लिनस्वीप'




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले क्यानडाविरुद्धको एकदिवसीय शृंखला 'क्लिनस्विप' गरेको छ । तीन खेलको एकदिवसीय शृंखलाको अन्तिम खेलमा नेपालले आज क्यानडालाई नौ विकेटले पराजित गरेसँगै शृंखला ३-० ले जितेको हो । अनिलकुमार साह र भीम सार्कीले कीर्तिमानी शतक प्रहार गरेपछि नेपालले क्यानडामाथि सहज जित निकालेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा टस हारेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ३२ रनको योगफल बनाएको थियो । नेपालले दुई सय ३३ रनको विजयी लक्ष्य एक विकेटको क्षतिमा ४५ औं ओभरमा एक विकेट गुमाउँदै पूरा गर्‍यो । नेपालले यसअघि पहिलो खेलमा क्यानडालाई सात रन तथा दोस्रो खेलमा चार विकेटले पराजित गरेको थियो ।

नेपालले पहिलो पटक घरेलु मैदानमा आयोजना भएको क्रिकेट शृंखला क्लिनस्विप गरेको हो । यसअघि नेपालले ओमानमा पपुवा न्यूगिनविरुद्ध दुई खेलको शृंखला २-० ले जितेको थियो । सिरिजको अन्तिम खेलमा क्यानडाले प्रस्तुत गरेको दुई सय ३३ रनको लक्ष्य पच्छ्याउने क्रममा नेपालका लागि अनिल र भीमले एक सय ८९ रनको उत्कृष्ट साझेदारी गरे । अनिलले सर्वाधिक एक सय १२ रनको योगदान दिए । उनले एक सय २४ बलमा १२ चौका र दुई छक्का प्रहार गरे । त्यस्तै भीमले एक सय एक रन बनाए । उनले एक सय २९ बलमा ११ चौका र एक छक्का प्रहार गरे । नेपालका लागि शाह र सार्कीले १८९ रनको कीर्तिमानी साझेदारी गरे । शाहले लगातार दोस्रो चौका हानेर शतक पुरा गरेका थिए । उनले टिमको जितका लागि ५ रन आवश्यक परेको बेलामा छक्का हान्दै नेपाललाई खेल जिताएका थिए । यी दुई जनाले सम्हालिँदै ब्याटिङ गरेर शतक पूरा गरेका थिए । एकआपसमा रनको आवश्यकता राम्रोसँग बुझेका उनीहरूले शतकका लागि एक-अर्कालाई साथ दिएका थिए । यस्तै कुशल भुर्तेलले १३ रन जोडे । बलिङतर्फ क्यानडाका शाहिद अहमदजैले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गर्ने क्रममा क्यानडाका लागि नवनीत धलिवालले अर्धशतकीय पारी खेले । उनले ८२ बल खेल्दै पाँच चौकाको मद्धतमा ५० रन बनाए । यस्तै निखिल दत्तले ४५, कप्तान साद बीन जाफरले ३१, हर्ष थेकरले २९, श्रेयस मोव्वाले २५ तथा श्रीमान्थ विजेरत्नले २२ रन बनाए ।

बलिङतर्फ नेपालका लागि खेलमा डेब्यू गरेका हेमन्त धामीले तीन, कुशल मल्लले दुई तथा ललितनारायण राजवंशी र आकाश चन्दले एक एक विकेट लिए । अन्तिम खेलमा ११२ रन बनाएका अनिल शाह म्यान अफ द म्याच घोषित भए भने नेपाली टोलीका कप्तान रोहित पौडेल म्यान अफ द सिरिज घोषित भएका छन् ।

## प्रधानमन्त्रीद्वारा क्रिकेट टोलीलाई बधाई

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बधाई दिएका छन् । नेपालले क्यानडाविरुद्धको एकदिवसीय शृंखला 'क्लिनस्विप' गरेपछि प्रधानमन्त्रीले टोलीलाई बधाई दिएका हुन् ।

प्रधानमन्त्री दाहालले सामाजिक सञ्जालमार्फत तेस्रो खेलमासमेत उत्कृष्ट जित हात पार्दै क्यानडाविरुद्धको एकदिवसीय क्रिकेट शृंखलामा क्लिनस्विप गर्न सफल नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बधाई दिएका हुन् । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सोमबार भएको क्यानडाविरुद्धको शृंखलाको अन्तिम खेलमा नेपाल नौ विकेटले विजयी भएको थियो ।

## बागमतीद्वारा कर्णाली प्रदेश पराजित

**पोखरा (प्रस)–** तेस्रो संस्करणको मनमोहन स्मृति यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको सोमबार पोखरा रंगशालामा खेलिएको खेलमा बागमती प्रदेशले कर्णाली प्रदेशलाई चार विकेटले हराएको छ ।

पोखरा रंगशालामा टस जिती पहिले ब्याटिङको निर्णय लिएको कर्णाली प्रदेशले निर्धारित २५ मध्ये २१.५ ओभरमा अलआउट हुनुअघि एक सय तीन रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको बागमती प्रदेशले भने २४.१ ओभरमा ६ विकेट गुमाएर विजयलक्ष्य पूरा गर्‍यो ।

बागमती प्रदेशको जितमा सूर्यान्शु कोइरालाले ६० रनको उत्कृष्ट अर्धशतकीय पाली खेले । रोहित शर्माले पनि टोलीको खातामा १६ रन थपे । अर्का ओपनर हिमाल बोहराले सात र दीपेश शाहले दुई रन जोडे । बुद्धिमान बिष्ट पाँच रन बनाउँदै पेभेलियन फर्किए । रोहित ठाकुर तीन रनमा अविजित रहे ।

कर्णाली प्रदेशका बलर बिपिनप्रसाद शर्माले दुई तथा दीपक खत्री, दीपक भुल र आदित्यबिक्रम शाहले एक-एक विकेट हात पारे । त्यसअघि पहिले ब्याटिङ गरेको कर्णाली प्रदेशका लागि दीपक खत्रीले सर्वाधिक ४१ रन बनाएका थिए । बिपिनप्रसाद शर्माले पनि १९ रन जोडे । कर्णालीका अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । खेलमा रोहित ठाकुर म्यान अफ दी म्याच पनि घोषित भए ।

प्रतियोगिता फागुन ७ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको तेस्रो संस्करणमा सातवटै प्रदेशको एक-एक टोलीका अतिरिक्त आयोजकको एक टोलीले पनि सहभागिता रहेको छ ।

गाजाको रफाहमा इजरायली आक्रमण

# एक सयभन्दा बढीको मृत्यु, सयौं घाइते



**गाजा-** दक्षिणी सहर रफाह र गाजापट्टीको वरपरका क्षेत्रमा इजरायली सेनाले गरेको भारी आक्रमणमा सोमबार १०० भन्दा बढीको मृत्यु भएको छ। आक्रमणमा महिला तथा बालबालिकासहित सयौं घाइते भएको आधिकारिक प्यालेस्टिनी समाचार एजेन्सी डब्ल्युएफले जनाएको छ।

सोमबार बिहान रफाह क्षेत्रमा इजरायली सेनाले करिब ४० वटा हवाई आक्रमणसहित जमिनमा गोलाबारी गरेको बताइएको छ।

इजरायली सेनाले सोमबार दक्षिणी गाजामा आतंकवादीले शृंखलाबद्ध आक्रमण गरेको तर अन्य विवरण प्रदान नगरेको बताएको छ। सात अक्टोबर २०२३ देखि गाजापट्टीमा इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या २८ हजार १७६ पुगेको छ। आक्रमणमा ६७ हजार ७८४ घाइते भएको गाजाको स्वास्थ्य मन्त्रालयले विज्ञप्तिमार्फत बताएको छ।

गाजामा इजरायल-हमास द्वन्द्व सुरु भएदेखि करिब आधाआधी बासिन्दा सुरक्षाको खोजीमा इजिप्टको छेउमा रहेको रफाहमा पुगेका छन्। रफाह क्रसिङमार्फत विदेशी देशहरू र संयुक्त राष्ट्रका एजेन्सीबाट खाना तथा औषधि सहायता प्राप्त गर्दै जीवन गुजारिरहेका छन्।

सीमावर्ती रफाह सहरमा कृषि भूमि, विद्यालय र सडक किनारमा विस्थापितहरूले भरिएको छ। *रासस/सिन्ह्वा*

## पाकिस्तानको विप्रेषण २६ प्रतिशतले बढ्यो

**इस्लामावाद-** जनवरी २०२४ मा विदेशमा कार्यरत पाकिस्तानी कामदारहरूले पठाएको विप्रेषण अघिल्लो वर्षको आधारमा २६.२ प्रतिशतले बढेको पाकिस्तानको केन्द्रिय बैंक (एसबिपी)ले सोमबार जनाएको छ।

कामदारहरूको विप्रेषण जनवरीमा २.३९७१ बिलियन अमेरिकी डलर आएको रेकर्ड गरियो। जुन अघिल्लो वर्षको जनवरी मा १.९००१ बिलियन डलर थियो। यसैबीच, विप्रेषण मासिक रूपमा ०.६ प्रतिशतले बढेको एसबिपीको तथ्यांकले देखाएको छ। जुलाई २०२३ देखि जुन २०२४ सम्मको चालु आर्थिक वर्षको पहिलो सात महिनामा १५.८३२ अरब डलर विप्रेषण आय रेकर्ड गरिएको तथ्यांकले देखाएको छ।

गत महिना साउदी अरेबियाबाट ५८७.३ मिलियन डलर, संयुक्त अरब इमिरेट्सबाट ४०७.६ मिलियन डलर, बेलायतबाट ३६२.१ मिलियन डलर र संयुक्त राज्य अमेरिकाबाट २८३.४ मिलियन डलर विप्रेषण आएको केन्द्रीय बैंकले जनाएको छ। *रासस/सिन्ह्वा*

# 'सन् २०२३ मा ५९ हजारभन्दा बढी भारतीयले लिए अमेरिकी नागरिकता'




**वासिङ्टन डिसी-** गएको वर्ष (सन् २०२३) ५९ हजारभन्दा बढी भारतीय नागरिकले स्थायी अमेरिकी नागरिकता लिएका छन्। जुन मेक्सिकोपछि अमेरिकी नागरिकता लिनेहरूको दोस्रो ठूलो संख्या भएको अमेरिकी नागरिकता र अध्यागमन सेवा (युएससिआइएस) द्वारा जारी गरिएको वार्षिक प्रगति प्रतिवेदन-२०२३ ले जनाएको छ।

प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा लगभग ८.७ लाख विदेशी नागरिक अमेरिकी नागरिक बनेका थिए। जसमध्ये १.१ लाख मेक्सिकन (नयाँ नागरिकहरूको कूल संख्याको १२.७ प्रतिशत) र ५९ हजार १०० (६.७ प्रतिशत) भारतीयहरूले अमेरिकी नागरिकता प्राप्त गरे।

प्रतिवेदनका अनुसार नयाँ अमेरिकी नागरिकमध्ये ४४ हजार ८०० (५.१ प्रतिशत) फिलिपिन्स र ३५ हजार दुई सय (चार प्रतिशत) डोमिनिकन रिपब्लिकका थिए।

प्राकृतिककरण (अमेरिकी नागरिकता प्रदान गर्ने निकाय) का लागि योग्य आवेदकले अध्यागमन र राष्ट्रियता ऐनअनुसार निर्धारित योग्यता तथा आवश्यकताहरू पूरा गर्नुपर्दछ। जसमा सामान्यतया कम्तीमा पाँच वर्ष कानुनी स्थायी निवासी (एलपिआर) हुनुपर्छ।

विशेष प्राकृतिककरण प्रावधानले अमेरिकी नागरिकका पति/पत्नीहरू र सैन्य सेवाका आवेदकलाई प्राकृतिककरणका लागि सामान्य आवश्यकताहरूबाट छुट दिने युएससिआइएस प्रतिवेदनले जनाएको छ।

गत आर्थिक वर्षमा अमेरिकी नागरिकता प्राप्त गर्ने अधिकांश व्यक्तिहरू कम्तीमा पाँच वर्षका लागि एलपिआर भएको आधारमा प्राकृतिककरणको लागि योग्य ठहरेका थिए। अन्य छुटमा परेका आवेदकहरूले कम्तीमा तीन वर्षका लागि एलपिआरका लागि योग्य र विवाहित थिए।

प्रतिवेदनका अनुसार सामान्यतया गैरनागरिकले प्राकृतिककरणको लागि योग्य हुन कम्तीमा पाँच वर्ष कानुनी स्थायी निवासीको रूपमा बिताउनुपर्छ भने अमेरिकी नागरिकको पति/पत्नीले कम्तीमा तीन वर्ष स्थायी कानुनी निवासीको रूपमा बिताउनुपर्छ।

गत आर्थिक वर्षमा स्थायी नागरिक भएका सबै नागरिकहरूले सात वर्ष एलपिआरका रूपमा बिताएका थिए। यसबाहेक, अमेरिकी नागरिकता र अध्यागमन सेवा (युएससिआइएस) अन्तर्गत आर्थिक वर्ष २०२२-२३ मा स्थायी नागरिकता प्राप्तीले विगत दशकको लगभग एक चौथाइ भाग ओगटेको छ। *रासस/एएनआई*


### माईग्रेशन प्रमाण पत्र हराएको सूचना

मिति २०८० कात्तिक २० गते भक्तपुर चारखेबाटोदेखि कौशल्टारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको Migration Certificate हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नाम : प्रियंका खड्का
ठेगाना: सानोठिमी, भक्तपुर
रजिस्ट्रेसन.नं.: ७७२६०१०८६
सिम्बोल.नं.: २२६०००८४
सम्पर्क: ९८६३०२४५७९

### बीमालेख हरायो

मिति २०८०/०८/१६ गते, बालाजुदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

नाम : सुक बहादुर घले
बीमालेख नं : ५१०८०००२६५७
Asian Life Insurance Company Ltd
ठेगाना : काठमाडौं, नेपाल
सम्पर्क नं : ९८६१५५५७८७

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २६८ माघ १३ गते २०८० मा प्रकाशित Al Noor Overseas Pvt. Ltd. को Lot No. 298825 को Ajad Golden Food Industries कम्पनीको विज्ञापनमा कामदारको पद KITCHEN WORKER हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

Al Noor Overseas Pvt. Ltd
Samakhushi-29, Kathmandu, Nepal Phone: +977-1-4383094, 4360824
E-Mail: operation.alnoor@gmail.com, Website: www.alnooroverseas.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANC TECHNOLOGIES CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/१०/२९ | LT. No. 298757 | चलानी नं. ६०२१४८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Facility Cleaning Worker | 1 | 0 | 1500 | ५३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MT SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति २०८०/१०/२९ | LT. No. 299879 | चलानी नं. ६०२१४७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ८ गते (20th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ALL RAHIM MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,
Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /
info@allrahimmanpower.com, Website : allrahimmanpower.com


## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/०१)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी तपाईंलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

### तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **१. खैरावाङ वालपेपर एण्ड ट्रेडर्स**<br>प्रा.फ.र.नं.: ११६५०/५१०<br>ठेगाना : घोराही उ.म.न.पा. १५, दाङ्<br>**कर्जा शीर्षक : साना तथा मझ्यौला उद्यम व्यवसाय कर्जा** | **१. ओमकला सुनार**<br>ना.प्र.नं. : ५२१०१८/२०९<br>जारी मिति : २०६४/०८/०४<br>जि.प्र.का. : दाङ्<br>पति : डिल बहादुर सुनार<br>ससुरा : कुल बहादुर सुनार | **२. लाले सुनार**<br>ना.प्र.नं. : १३२५/६<br>जारी मिति : २०५९/०९/०४<br>जि.प्र.का. : दाङ्<br>बाबु : कुल बहादुर सुनार<br>बाजे : काले सुनार | **३. कुल बहादुर सुनार**<br>ना.प्र.नं. : १४३८/४८३०<br>जारी मिति : २०४३/१०/१७<br>जि.प्र.का. : प्यूठान<br>बाबु : काले सुनार<br>बाजे : मन विर सुनार |
| | **४. वेली देवी सुनार**<br>ना.प्र.नं. : १६४/१४३९<br>जारी मिति : २०७५/०१/२५<br>जि.प्र.का. : प्यूठान<br>पति : कुल बहादुर सुनार<br>ससुरा : काले सुनार | **५. डिल बहादुर सुनार**<br>ना.प्र.नं. : ८८४/२४४<br>जारी मिति : २०५७/०९/०३<br>जि.प्र.का. : दाङ्<br>बाबु : कुल बहादुर सुनार<br>बाजे : काले सुनार | **६. लिले सुनार**<br>ना.प्र.नं. : १३२०/७<br>जारी मिति : २०५९/०९/०४<br>जि.प्र.का. : दाङ्<br>बाबु : कुल बहादुर सुनार<br>बाजे : काले सुनार |
| | **७. खुमा सुनार**<br>ना.प्र.नं. : ५२१०१८/५९५<br>जारी मिति : २०६६/०१/०२<br>जि.प्र.का. : दाङ्<br>पति : लाले सुनार<br>ससुरा : कुल बहादुर सुनार | **धितोको विवरण**<br>ओमकला सुनारको नाममा दाङ् जिल्ला मालपोत कार्यालय दाङ्मा दर्ता कायम रहेको दाङ् जिल्ला, लक्ष्मीपुर गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कि.नं. ७३१ (१६९.३१ व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। | |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **२. नर बहादुर भण्डारी**<br>ना.प्र.नं. : २०५/१७४९<br>जारी मिति : २०५६/०८/२७<br>जि.प्र.का. : दाङ्<br>ठेगाना : घोराही उ.म.न.पा. १५, दाङ्<br>बाबु : पिमलाल भण्डारी<br>बाजे : पदम बहादुर भण्डारी<br>**कर्जा शीर्षक : सजिलो कर्जा** | **१. मिना कुमारी भण्डारी**<br>ना.प्र.नं. : ८/१७१०<br>जारी मिति : २०४३/०८/२५<br>जि.प्र.का. : दाङ्<br>पति : पिमलाल भण्डारी<br>ससुरा : पदम बहादुर भण्डारी | **२. शिवा देवि भण्डारी**<br>ना.प्र.नं. : ६५९८/३०४९<br>जारी मिति : २०६०/०६/२९<br>जि.प्र.का. : दाङ्<br>पति : नर बहादुर भण्डारी<br>ससुरा : पिमलाल भण्डारी |

**धितोको विवरण**

१. नर बहादुर भण्डारीको नाममा दाङ् जिल्ला मालपोत कार्यालय घोराही, दाङ्मा दर्ता कायम रहेको दाङ् जिल्ला, चैलाही गा.वि.स./न.पा. वडा नं. २ (घ) स्थित कि.नं. ७३३ (१६९.३१ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।

२. मिना कुमारी भण्डारीको नाममा दाङ् जिल्ला मालपोत कार्यालय घोराही, दाङ्मा दर्ता कायम रहेको दाङ् जिल्ला, गढवा गा.वि.स./न.पा. वडा नं. ९(ग) स्थित कि.नं. ४५८ (७७०.४० व.मी.), कि.नं. ४६० (११०९.०४ व.मी.), कि.नं. ४७६ (१७४३.७० व.मी.), कि.नं. ४७८ (१४७२.८४ व.मी.), कि.नं. ५०४ (८०४.१४ व.मी.), कि.नं. ४८९ (५५४.५२ व.मी.) र कि.नं. ४५६ (९०५.८६ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।

| ऋणीको विवरण | | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|---|
| **३. सन्तु यादव र तृथी अहिरनी**<br>ठेगाना : सिपवा ०१, रुपन्देही<br>**क) सन्तु यादव**<br>ना.प्र.नं. : ४/३२०८<br>जारी मिति : २०५३/०५/०२<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : उदय राज अहिर<br>बाजे : नौल अहिर<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **ख) तृथी अहिरनी**<br>ना.प्र.नं. : ३७/५०६२४<br>जारी मिति : २०३६/१०/१३<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : बुधई अहिर<br>पति : उदय राज अहिर<br>ससुरा : नौल अहिर | **सुभावती देवी यादव**<br>ना.प्र.नं. : ३७-०१-७५-०५८०१<br>जारी मिति : २०७५/०४/२१<br>जि.प्र.का. : रुपन्देही<br>पति : सन्तु यादव<br>ससुरा : उदय राज अहिर<br>**धितोको विवरण**<br>तृथी अहिरनीको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिपवा गा.वि.स./न.पा. वडा नं. २ (क) स्थित कि.नं. ४६१ (०-८-१०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **४. भोले बाबा ट्रेड लिंक**<br>प्रा.फ.र.नं. : २९३०३, स्थानीय व्यापार<br>ठेगाना : सैनामैना १०, रुपन्देही<br>**कर्जा शीर्षक : डिमाण्ड कर्जा** | **१. चित्र बहादुर श्रेष्ठ**<br>ना.प्र.नं. : २९९०<br>जारी मिति : २०४६/०३/१३<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : भिम बहादुर श्रेष्ठ<br>बाजे : बजर सिंह श्रेष्ठ | **२. तिला देवी श्रेष्ठ**<br>ना.प्र.नं. : २९८९<br>जारी मिति : २०४६/०२/१३<br>जि.प्र.का. : रुपन्देही<br>पति : चित्र बहादुर श्रेष्ठ<br>ससुरा : भिम बहादुर श्रेष्ठ | **३. दिलु श्रेष्ठ**<br>ना.प्र.नं. : ३७९४९<br>जारी मिति : २०६३/०४/०९<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : चित्र बहादुर श्रेष्ठ<br>बाजे : भिम बहादुर श्रेष्ठ |
| | **४. धन बहादुर श्रेष्ठ**<br>ना.प्र.नं. : १८३०<br>जारी मिति : २०५२/०४/२६<br>जि.प्र.का. : रुपन्देही<br>बाबु : चित्र बहादुर श्रेष्ठ<br>बाजे : भिम बहादुर श्रेष्ठ | **५. शुष्मा भण्डारी**<br>ना.प्र.नं. : ४२ २०४१/९/१९३<br>जारी मिति : २०६८/०९/१४<br>जि.प्र.का. : स्याङ्जा<br>पति : धन बहादुर श्रेष्ठ<br>ससुरा : चित्र बहादुर श्रेष्ठ | |

**धितोको विवरण**

चित्र बहादुर श्रेष्ठको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स./न.पा. वडा नं. ५ (ग) स्थित कि.नं. ७३ (०-२-५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।

| ऋणीको विवरण | | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|---|
| **५. शेर बहादुर कामी र नन्नकलि कामी**<br>ठेगाना : त्रिवेणी गा.पा. ०५, सल्यान<br>**क) शेर बहादुर कामी**<br>ना.प्र.नं. : २४३६४<br>जारी मिति : २०६०/०१/२५<br>जि.प्र.का. : सल्यान<br>बाबु : कल सिंह कामी<br>बाजे : मोतिलाल कामी<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **ख) नन्नकलि कामी**<br>ना.प्र.नं. : ९९<br>जारी मिति : २०४३/१०/१०<br>जि.प्र.का. : सल्यान<br>पति : कल सिंह कामी<br>ससुरा : मोतिलाल कामी | **पार्वती कुमारी बुढाथोकि**<br>ना.प्र.नं. : २३०१५<br>जारी मिति : २०६०/०१/११<br>जि.प्र.का. : सल्यान<br>बाबु : भिम बहादुर बुढाथोकी<br>बाजे : रेशम बुढाथोकी<br>**धितोको विवरण**<br>नन्नकलि कामीको नाममा सल्यान जिल्ला मालपोत कार्यालय सल्यानमा दर्ता कायम रहेको सल्यान जिल्ला, सिनवाङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ४२२ (१-१३-०-१ रोपनी), कि.नं. ४१९ (७-२-२-० रोपनी) र कि.नं. ४२५ (०-११-१-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **६. बेबो बेबि सप**<br>प्रा.फ.र.नं.: १००७९/३९५<br>ठेगाना : पुरन्धारा गा.वि.स ०३, दाङ्<br>**कर्जा शीर्षक : महिला उद्यमशीलता कर्जा** | **१. पवित्रा बुढा क्षेत्री**<br>ना.प्र.नं. : ६२/२८४<br>जारी मिति : २०५३/०१/१७<br>जि.प्र.का. : दाङ्<br>पति : बल बहादुर बुढा क्षेत्री<br>ससुरा : नर बहादुर बुढा | **२. दिवाकर बुढा क्षेत्री**<br>ना.प्र.नं. : ५२२०४१/५९३८<br>जारी मिति : २०७२/०१/२८<br>जि.प्र.का. : दाङ्<br>बाबु : बल बहादुर बुढा क्षेत्री<br>बाजे : नर बहादुर बुढा |

**धितोको विवरण**

दिवाकर बुढा क्षेत्रीको नाममा दाङ् जिल्ला मालपोत कार्यालय तुल्सीपुर, दाङ्मा दर्ता कायम रहेको दाङ् जिल्ला, बाघमारे गा.वि.स./न.पा. वडा नं. ६ (क) स्थित कि.नं. १७६८ (५०७.२५ व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **७. आशिका एण्ड एस.आर ट्रेडर्स**<br>प्रा.फ.र.नं.: १६९०९/०६९/७०<br>ठेगाना : पहलमानपुर गा.वि.स. ०२, कैलाली<br>**कर्जा शीर्षक : डिमाण्ड कर्जा** | **१. शिव प्रसाद चौधरी**<br>ना.प्र.नं. : ६७३८५<br>जारी मिति : २०६२/०९/०७<br>जि.प्र.का. : कैलाली<br>बाबु : रामफल चौधरी<br>बाजे : काशीराम चौधरी | **२. रामफल चौधरी**<br>ना.प्र.नं. : १७३६<br>जारी मिति : २०४०/०६/०७<br>जि.प्र.का. : कैलाली<br>बाबु : काशीराम चौधरी<br>बाजे : भिखु चौधरी | **३. गुल्ठी डंगौरा थारु**<br>ना.प्र.नं. : ३६८<br>जारी मिति : २०४६/०३/२१<br>जि.प्र.का. : कैलाली<br>पति : रामफल चौधरी<br>ससुरा : काशीराम चौधरी |
| | **४. हरि प्रसाद चौधरी**<br>ना.प्र.नं. : ६७१०२८/८७१८<br>जारी मिति : २०६७/११/११<br>जि.प्र.का. : कैलाली<br>बाबु : रामफल चौधरी<br>बाजे : काशीराम चौधरी | **५. आशारानी चौधरी**<br>ना.प्र.नं. : ६७१०२८/८३२८<br>जारी मिति : २०६५/१२/१८<br>जि.प्र.का. : कैलाली<br>पति : शिव प्रसाद चौधरी<br>ससुरा : रामफल चौधरी | |

**धितोको विवरण**

रामफल चौधरीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, पहलमान गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ८५ (२४४ व.मी.) र कि.नं. ८६ (१०६ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १३९५ |



**ग्राहकको प्रतीक्षामा** | विश्वसम्पदा सूचीमा सूचीकृत पर्यटकीयस्थल पाटन दरबार स्क्वायरको कृष्णमन्दिर आसपास क्षेत्रमा पूजा सामग्री बेच्न बसेकी महिला व्यापारी । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

## दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक १५ दशमलव ३३ अंकले उकालो लागेर दुई हजार एक सय एक दशमलव १६ मा उकालो लागेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २४ अंकले उकालो लागेर तीन सय ७५ दशमलव ९९ मा पुगेको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको सेयर मूल्यमा उकालो लागेको छ भने एक उपसमूहको सेयर मूल्य ओरालो लागेको छ। कूल एक करोड एक लाख आठ हजार एक सय २२ कित्ता सेयर रु तीन अर्ब ५८ करोड ६९ लाख ८४ हजार एक सय २८ मूल्यमा कारोबार भयो। नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु २३ करोड दुई लाख ३५ हजार चार सय ४९ बराबरको कारोबार भयो ।

यस्तै एनआरएन इन्फास्टकचर रु १६ करोड ३० लाख २५ हजार एक सय ७६, एनआइसी एशिया बैंक रु १३ करोड ७७ लाख ४७ हजार तीन सय ९८, नेपाल इन्स्योरेन्स रु ११ करोड ३७ लाख तीन हजार दुई सय ९४ र सोनापुर मिनरल्स रु १० करोड २७ लाख ११ हजार सात सय २८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु, समाज लघुवित्त, कुर्थली बुखरी स्मल हाइड्रोपावर, चिर्खवा हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। बलेफी हाइड्रोपावरका लगानीकर्ताले भने नौ दशमलव ९८ प्रतिशतले कमाएका छन्।

यस्तै एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो आठ दशमलव ८९, इमर्जिङ नेपाल तीन दशमलव ८६, मिड सिन्धु हाइड्रोपावर तीन दशमलव १८, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम तेस्रो दुई दशमलव ७९ र एसबीएल डिवेञ्चरका लगानीकर्ताले दुई दशमलव शून्य सात प्रतिशतले गुमाएका छन्।

**मौद्रिक नीति अर्धवार्षिक समीक्षा**

# ब्याजदर ‘करिडोर’ कार्यान्वयनमा नयाँ व्यवस्था

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले सोमबार मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरेको छ। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले मुद्दति निक्षेपको ब्याजदर तथा ब्याजदर ‘करिडोर’ कार्यान्वयनमा नयाँ व्यवस्था गरेको हो। केन्द्रीय बैंकले अबदेखि संस्थागत मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगतभन्दा एक प्रतिशत मात्र कम गर्नुपर्ने जनाएको छ।

यसअघि संस्थागत र व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर २ प्रतिशतले फरक थियो । यस्तै कृषि, साना, घरेलु तथा मझौला उद्यम व्यवसायमा प्रवाह भएको २ करोडसम्मको कर्जालाई रेगुलेटरी रिटेल पोर्टफोलियोमा गणना गर्न पाउने व्यवस्था गरिएको छ।

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन २०८० फागुनदेखि स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याइने केन्द्रीय बैंकले जनाएको छ । आन्तरिक एवम् बाह्य आर्थिक स्थिति र परिदृश्य तथा पहिलो त्रैमासिक समीक्षाको क्रममा गरिएका नीतिगत व्यवस्थाहरूलाई दृष्टिगत गरी ब्याजदर करिडोर अन्तर्गतका दरहरूलाई यथावत राखिएको छ ।

संस्थागत मुद्दति निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा एक प्रतिशत विन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ। अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ । पछिल्ला दिनमा बैंकहरूमा ब्याज दर घट्दै गइरहेकोले अर्थतन्त्रमा सुधार आएको अनुमान पनि राष्ट्र बैंकले गरेको छ।

अर्थ मन्त्रालयले सोमबार नै चालु आवको बजेटको अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ। आर्थिक सूचक सकारात्मक बन्दै गएको दाबी



अर्थ मन्त्रालयले गरेको भए पनि चालु आवको आय र व्ययको अनुमान भने घटाइएको छ।

अघिल्लो आर्थिक वर्ष जस्तै चालु आर्थिक वर्ष पनि विप्रेषण आप्रवाह उल्लेख्य रहेको छ । विप्रेषण आप्रवाहको बढोत्तरीले बाह्य क्षेत्रतर्फको चालु खाता तथा शोधनान्तर बचत कायम गर्न, तरलतामा सुधार ल्याउन, ब्याजदरमाथि परेको चाप कम गर्न र आन्तरिक माग बढाउन सहयोग पुगिरहेको छ। वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या र प्रवृत्तिलाई दृष्टिगत गर्दा आगामी महिनामा पनि विप्रेषण आप्रवाह सन्तोषजनक रहने पनि राष्ट्र बैंकले जनाएको छ।

नेपालले दुई-तिहाइभन्दा बढी आयात गर्ने मुलुक भारतमा पनि मुद्रास्फीति घट्दै गएको छ । तथापि, रुस-युक्रेन र पश्चिम एशियाली केही मुलुकहरूमा जारी द्वन्द्व र केही मुलुकहरूले खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्धका कारण मुख्यगरी ईन्धन र खाद्य वस्तुको मूल्यमा उत्तारचढाव आउन सक्ने जोखिम रहेको राष्ट्र बैंकले जनाएको छ।

बाह्य क्षेत्रतर्फ चालु खाता र शोधनान्तर बचतमा रहेकाले तरलता स्थितिमा उल्लेख्य सुधार आउनुको साथै मौद्रिक विस्तार भएको छ। निक्षेप तथा कर्जाका ब्याजदरहरू घट्दो क्रममा रहेका छन्। शोधनान्तर बचत र मूल्यमा परेको चाप कम हुँदै गएकाले नीतिगत कार्यदिशालाई क्रमशः सहज बनाउँदै लगिएको छ । यसबाट व्यावसायिक मनोवलमा क्रमिक सुधार आउँदै गएको जनाएको छ।

बाह्य तथा वित्तीय क्षेत्रको परिदृश्य, नीतिगत कार्यदिशा, पुँजीगत खर्चमा क्रमशः आउनेतीव्रता र बजेट बक्तव्यमा घोषणा गरिएका आर्थिक सुधारसम्बन्धी कार्ययोजनाहरूको कार्यान्वयनबाट कर्जा मागका साथै आर्थिक गतिविधिमा पनि क्रमिक सुधार आउने अपेक्षा छ । आर्थिक गतिविधिमा आउने सुधारबाट राजस्व परिचालन र बैंक तथा वित्तीय संस्थाको कर्जा असूली तथा लगानी क्षमतामा समेत सकारात्मक प्रभाव पर्ने पनि राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको सीमाभित्र रहने गरी मौद्रिक व्यवस्थापन गरिने नीति लिइएकोमा पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.४७ प्रतिशत कायम भएको जनाएको छ।

चालु आर्थिक वर्षमा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८० पुस मसान्तमा १२.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कायम भएको र चालु खाता बचतमा रहेको र शोधनान्तर बचत उल्लेख्य बढेको कारण विदेशी विनिमय सञ्चितिमा वृद्धि भएको पनि राष्ट्र बैंकले जनाएको छ।

आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा २०८० पुस मसान्तमा वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १४.३ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ४.९ प्रतिशतले वृद्धि भएको छ।

**कर्पोरेट**

## ग्लोबल आइएमई बैंकको विशेष आवास योजना




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले १० वर्षसम्मको अवधिका लागि ९.९९ प्रतिशत स्थिर ब्याजदरमा अधिकतम् १२ करोड रूपैयाँसम्म कर्जा उपलब्ध हुने विशेष घर कर्जा योजना सार्वजनिक गरेको छ । बैंकले सस्तो तथा सरल किस्ताबन्दीमा घर निर्माण तथा खरिदलाई लक्षित गरी निश्चिन्त आवास योजना (घर कर्जा) सार्वजनिक गरेको हो । साथै, उक्त विशेष घर कर्जा योजना अन्तर्गत अन्य बैंक वित्तीय संस्थाबाट कर्जा उपभोग गरिरहेका महानुभावहरूले सहज रूपमा कर्जा सार्नसमेत सकिने जनाइएको छ।

यस विशेष घर कर्जा योजना अन्तर्गत सेवाग्राहीले १० वर्षसम्मको अवधिका लागि ९.९९ प्रतिशत ब्याजदरमा, १० देखि १५ वर्षसम्मको लागि १०.४९ प्रतिशत र १५ वर्षभन्दा बढि अवधिका लागि १०.९९ प्रतिशतको स्थिर ब्याजदरमा १२ करोड रूपैयाँसम्म घर कर्जा लिन पाउनेछन् । बैंकले ग्राहकलाई छिटो, छरितो एवंम सहज रूपमा कर्जा प्रवाह गर्ने उद्देश्यमा निहित रही आवश्यक कागजातहरू पेश गरेको २ कार्य दिन भित्र कर्जा प्रवाह गर्नेछ। ग्राहक महानुभावहरूले देशैभरका ७७ वटै जिल्लामा फैलिएको बैंकका ३५६ वटा शाखाहरूबाट यो सुविधा उपभोग गर्न सकिने जनाइएको छ। यो योजना सिमित अवधिका लागि रहनेछ। ग्लोबल आइएमई बैंक मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकले ३५६ शाखा कार्यालय, ३७८ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४५ लाख भन्दा बढि ग्राहकहरू माफ सेवा प्रदान गरिरहेको छ।

## नागरिक लगानी कोष र सानिगाड हाइड्रोबीच सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र सानिगाड हाइड्रो लिमिटेडबीच सेयर प्रत्याभूति गर्ने सम्बन्धी सम्झौता भएको छ। सम्झौतामा कोषको कार्यकारी निर्देशक पर्वत कुमार कार्की र सानिगाडका प्रबन्ध निर्देशक राजेश कुमार श्रेष्ठले हस्ताक्षर गरेका हुन् । सानिगाडको प्रति सेयर एक सय रूपैयाँले ८५ लाख ५० हजार कित्ता सेयर बापत ८५ करोड ५० लाख सेयर मूल्य बराबरको प्रत्याभूति कोषले गर्ने छ। सम्झौता भएको मितिले कम्पनीले ६ महिनाभित्र सेयर निष्कासन गरिसक्नु पर्ने छ । ६ महिनाभित्र सेयर निष्कासन नभएमा सम्झौता स्वतः अन्त्य हुने छ।


अपर अरुण जलविधुत आयोजना आदिवासी जनजाती सल्लाहकार परिषद

Upper Arun Hydro-Electric Project Adibasi Janajati Advisory Council

भोटखोला-४, गोला, संखुवासभा

**कर्मचारी आवश्यकता**

यस परिषदले अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड/अपर अरुण जल विद्युत आयोजनाको आर्थिक सहयोगमा सञ्चालित **आदिवासी जनजाती योजना** कार्यान्वयनका लागि **अपर अरुण जलविद्युत आयोजना आदिवासी जनजाति सल्लाहकार परिषद** अन्तर्गतका विभिन्न पदहरुमा खुला प्रतिष्प्रर्धाद्धारा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सूचना सम्वन्धी विस्तृत विवरण भोटखोला गाउँपालिको कार्यालयको वेव साइटः www.bhotkholamun.gov.np र अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीको वेवसाइटः www.uahel.com तथा परीषदको सूचना पार्टिमा टाँस गरिएको छ। सूचना उल्लेखित योग्यता पुगेको उम्मेदवारले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र परिषदको इमेलः ajacbhot10@gmail.com तथा भौतिक उपस्थितिमा परिषदको कार्यालयमा रित पूर्वकको दरखास्त पेश गर्न अनुरोध छ। म्याद नाघी तथा रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

सदस्य सचिव
पदपुर्ति समिति



चौतारा साँगाचोकगढी नगरपालिका

Chautara Sangachokgadhi Municipality

नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

चौतारा, सिन्धुपाल्चोक

Chautara, Sindhupalchok

बागमती प्रदेश, नेपाल

Bagmati Provance, Nepal

**सूचिकृत हुने तथा दररेट उपलब्ध गराइदिने वारे सूचना**

सूचना प्रकाशित मिति : २०८०।१०।२९

प्रस्तुत विषय अनुसार यस नगरपालिका कृषि विकास शाखाको संघिय सर्शत अनुदान तर्फको खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान,मकै,गहुँ) कार्यक्रम अनुसार कृषकहरुलाई ५० प्रतिशत अनुदानमा बितरण गर्नका लागी रामपुर कम्पोजिट मकैको उन्नत बिउ आवश्यक भएको हुंदा,उक्त मकै बालीको उन्नत बिउ उपलब्ध गराउन ईच्छुक मकैको उन्नत बिउ उत्पादन तथा बिक्री वितरण गर्ने कृषक समुह/कृषि सहकारी/एग्रोभेट तथा आधिकारिक बिक्रेताहरुले नियमअनुसार यस नगरपालिकामा सूचिकृत भई मिति २०८०/११/०६ गते भित्र दररेट उपलब्ध गराई दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न राख्नुपर्ने कागजातहरु**

१) कृषक समुह,सहकारी, एग्रोभेट दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
३) सम्बन्धित समुह,सहकारी, एग्रोभेटको निवेदन ।
४) बिउ बितरक कृषक समुह, सहकारी/एग्रोभेट सप्लायर्सहरुको तोकिएको लोगो प्रयोग गरी बिउ प्याकेजिङ गरी उपचार गरेको विउ उपलब्ध गराउने प्रतिवद्धता पत्र ।
५) बिउ परिक्षण गरी बिउ बिक्री बितरणको लागी योग्य प्रमाणित भएको सम्बन्धित प्रयोगशालाको रिर्पोट ।

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ